लेखापरीक्षण प्रतिवेदन

छत्रकोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

छत्रकोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/431

श्रीमान् अध्यक्ष ज्यू,
छत्रकोट गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, गुल्मी।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/431

श्री अध्यक्षज्यू,

छत्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गुल्मी।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्तिर भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्नेआधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ गाउँपालिकाको रु.१ अर्ब ४० करोड ३९ लाख ५३ हजार लेखापरीक्षण गरिएकोमा रु.१ करोड ६८ लाख १६ हजार (१.१९ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. १ करोड ५९ लाख ९९ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु. ७८ हजार, नियमित गर्नुपर्ने रु. ४ लाख ३४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ लाख ५ हजार रहेको छ। गत वर्षसम्म रु. ५ करोड २ लाख ७६ हजार बेरुजु मध्ये यस वर्ष रु.५८ लाख ८४ हजार सम्परीक्षण भई बाकी बेरुजु ४ करोड ४३ लाख ९२ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ४ करोड ५२ लाख ९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजुस्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३ गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने छत्रकोट गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, गाउँ प्रमुख र प्रमुख प्रशासकीय अधिकृत छत्रकोट गाउँपालिका, गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७६	२६	१,६८,१६,२०३	३	१९	१,५९,९९,५३१	०	७३	७	८,१६,६७२	७७,९७८	४,३३,८०५	३,०४,८८९	०	०	७,३८,६९४	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गुल्मी	५०२७६०००		५८,८३,७०९	४४३९२२९१		८,१६,६७२	४५२०८९६३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
			यस वर्षको प्रतिकृयाबाट सम्परीक्षण	
१	२०८१/८२	३८	सामग्री प्रयोग	७,०२,४०८
२	२०८१/८२	१२	सञ्चितकोषको चौमासिक विवरण	०
३	२०८१/८२	७२.५,७२.८ र ७२.९	शिक्षा कार्यक्रम	५९,४७,७४६
४	२०८१/८२	३.१	वित्तीय प्रतिवेदन	०
५	२०८१/८२	६८	वितरणमुखी कार्यक्रम	०

६	२०८१/८२	५५,५६	पूर्वनिर्धारित क्षतिपूर्ति	१,०२,७३८
७	२०८१/८२	५९	दोहोरो परिमाणको भुक्तानी	१,२७,८४२
८	२०८१/८२	४४	अनुदान रकम खर्च	९१,१८,७९७
			जम्मा	**१,५९,९९,५३१**
			विगत आर्थिक वर्षको सम्परीक्षण	
९	२०८०/८१	३२.२	संघीय सशर्तबाट हस्तान्तरित कार्यक्रम-	२४,६२,३३४
१०	२०८०/८१	३९	प्रदेश कोषको खर्च रकम-	७,६७,५३५
११	२०८०/८१	३७	पेश्की कम कट्टा गरेको-	४,९३,६६४
१२	२०८०/८१	२९.३	गाउँपालिका प्रशासकीय भवन	२१,६०,१७६
			जम्मा	**५८,८३,७०९**
कुल जम्मा				**२,१८,८३,२४०**

छत्रकोट गाउँपालिका, गुल्मी

(८०५५२५०५३००)

छत्रकोट गाउँपालिका , गुल्मी

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा, १०५.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०७८ बमोजिम १८६६२ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२ देखि २०८२।५।५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रू.१ अर्ब ४० करोक्ष ३९ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.३,३०,००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	प्राविधिकधारको विद्यालयलाई बढी भुक्तानी असुली	३,३०,०००

२ **स्थानीय संचितकोषको अवस्था**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

प्राप्ति		भुक्तानी	
विवरण	रकम	विवरण	रकम
सुरु मौज्दात		**चालु खर्च**	
१. संचित कोष	३९१९५८३.६३	१. पालिका तर्फ	९८२५०४२९.४१
२. धरौटी	१५२२७४३१	२. संघीय सशर्त	२१३७५२१४१.५
३. कार्यसञ्चालन कोष	३३९३४४७५.४२	३. संघीय विशेष	०
४. अन्य कोष	०	४. प्रदेश सशर्त	७४२०२०
यस **वर्षको आय**		५. प्रदेश विशेष	०
१. आन्तरिक आय	१००८५३३७.४२	पुँजीगत **खर्च**	
२. वित्तीय हस्तान्तरण (संघ)		१. पालिका तर्फ	८३८९३६२५.८१
क) समानीकरण अनुदान	८४०५२१६०	२. संघीय सशर्त	३४०४१६४७.२
ख) राजस्व बाँडफाँट	७५७५८९८८.१८	३. संघीय विशेष	२०००००००
ग) सशर्त अनुदान	२७७१९०५००	४. संघीय समपुरक	२५००००००
घ) समपुरक अनुदान	२५००००००	५. प्रदेश सशर्त	६९९९९८०
ङ) विशेष अनुदान	२००००००००	६. प्रदेश विशेष	२४७८३१७
च) रोयल्टी	१०१३३९७.८९	७. प्रदेश समपुरक	७००००००
छ) अन्य	०	अन्तर **सरकारी अख्तियारी (संघ)**	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		क) सामाजिक सुरक्षा	१३८२९०२८४
क) समानीकरण अनुदान	५९७८०००	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१९२८०००
ख) राजस्व बाँडफाँट	५५५१४८६.५१	ग) औधोगिक लगानी प्रवर्द्धन कार्यक्रम	१००००००
ग) सशर्त अनुदान	८००००००	घ) स्थानिय तह प्रशासकिय भवन पूर्वाधर विकास कार्यक्रम	२९००००००
घ) समपुरक अनुदान	७००००००	अन्तर **सरकारी अख्तियारी (प्रदेश)**	०
ङ) विशेष अनुदान	२५०००००	ऋण **फिर्ता (साँवा)**	०
च) रोयल्टी	०	ऋणको **ब्याज भुक्तानी**	०
छ) अन्य	०	धरौटी **फिर्ता तथा सदर स्याहा**	१३८३७१७
१. बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	६४५५३०.०४	कार्यसञ्चालन **कोषबाट भएको खर्च**	१७५२०५४३
२. बाँडफाँड भई प्राप्त विज्ञापन कर आय	३१८०	अन्य **कोषबाट भएको खर्च**	०
४. अन्तर सरकारी अख्तियारी (संघ)		गैरसरकारी **संस्थाबाट सञ्चालित योजना**	०
क) सामाजिक सुरक्षा	१३८२९०२८४	अन्य **सहयोगमा सञ्चालित योजना**	०
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१९२८०००	अन्य **खर्च भएमा**	०
ग) औधोगिक लगानी प्रवर्द्धन कार्यक्रम	१००००००	अनुदान **फिर्ता**	
घ) स्थानिय तह प्रशासकिय भवन पूर्वाधर विकास कार्यक्रम	२९००००००	१. संघ तर्फ	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०	क) सशर्त अनुदान	२९३९६७११.३१
६. ऋण / वित्तीय व्यवस्था	०	ख) विशेष अनुदान	०
७. धरौटी आय	०	ग) समपुरक अनुदान	०
८. कार्यसञ्चालन कोष आय	०	**२. प्रदेश तर्फ**	
९. अन्य कोषको आय	०	क) सशर्त अनुदान	२५८०००
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	ख) विशेष अनुदान	२१६८३
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०	ग) समपुरक अनुदान	०
१२. अन्य आय भएमा	०	अन्तिम मौज्दात	
		१. संचित कोषको मौज्दात	४८६३६०८.४५
		२. धरौटी	१३८४३७१४
		३. कार्यसञ्चालनकोष	१६४१३९३२.४२
		४. अन्यकोष	०
जम्मा	७४६०७८३५४.०९	जम्मा	७४६०७८३५४.०९

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा सोही ऐनको दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा संशोधन सहित नयाँ सार्वजनिक क्षेत्र लेखामान (NPSAS) जारी भएकोमा सो अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्न अनुसार देखिएको छ।

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३.२ **वित्तीय विवरणको यथार्थता** -पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रु.१३,८२,९०,२८४।, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१९,२८,०००।, औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रमको रु.१०,००,०००।, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.२,९०,००,००० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **आर्थिक कारोबारको स्थिति**

पालिकाले यो वर्ष आन्तरिक राजस्वबाट रु.१,००,८५,३३७।४२ राजस्व वाँडफाँड, अनुदान र अन्य आयबाट रु.७३,५९,९३,०१६।६७ गरी जम्मा रु.७४,६०,७८,३५४।०९ आम्दानी भएकोमा चालू तर्फ रु.४७,१४,८३,४१७।९१ र पूँजीगत तर्फ रु.२०,८४,१३,५७०।०१ खर्च भई रु.३,५१,२१,२५४।८७ वैंक मौज्दात रहेको छ ।

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले २०८१।३।१० मा रु. ५५ करोड ३६ लाख ८७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट २०८१।०३।१० मा पारित भएको छ । यसैगरी गाउँपालिका अध्यक्षले २०८१।०३।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६ **कानून निर्माण तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, ५ कार्यविधि, ५३ निर्देशिका, ५ नर्म्स सहित ८६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको देखिन्छ। पालिकाले बनाएका कानूनहरुको प्रभावकारी कार्यान्वयन गरी तिनीहरुको समय समयमा सुधार गर्नुपर्छ ।

७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलापको प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्ने वाँकी विवाद ३ वटा रहेको र यो वर्ष १७ विवाद दर्ता भई २० वटा विवाद रहेकोमा १६ वटा फर्स्यौट भई ४ वटा फर्स्यौट गर्न बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने कार्य गर्नुपर्छ ।

८ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्यस्तो प्रणाली तयार गरी लागू गरेको देखिएन। यसबाट कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थामा देखिएका सुधार गर्नुपर्ने विषयका केही उदाहरणहरु निम्न छन्ः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) पालिकाको भूमि व्यवस्थापन, यातायात तथा सञ्चार सम्वन्धी दीर्घकालिन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) अनुसार पालिकाबाट प्रदान गरिने आर्थिक सहायता, सेवा र सामाजिक सुरक्षालाई लक्षित वर्गमा पुर्याउन सो सम्वन्धी स्थानीय तथ्यांक तथा सूचना व्यवस्थापन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको देखियो,

• सवै कर्मचारी तथा पदाधिकारीहरुबाट विभिन्न समयमा हुने भ्रमण सम्वन्धी विवरण स्पष्टसँग खुल्ने गरी तोकिएको ढाँचाको भ्रमणको पूर्ण अभिलेख राखेको देखिएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७६(१) अनुसार आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• पूर्वाधार निर्माण गर्दा क्षेत्राधिकार निर्धारण गरी कार्यक्रम कार्यान्वियन नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी आयोजनाको बैंक खडा गरेको देखिएन,

• पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन तथा मूल्यांकन योजना तयार गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ बमोजिम पालिकाको कार्यसञ्चालन प्रणालीलाई लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवाका लागि उपयुक्त व्यवस्थापन पद्धति अवलम्वन गर्न नसकेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको देखिएन,

• बजेट रकमको हाराहारीमा लागत अनुमान बनाउने गरेको,

• स्वास्थ्य शाखा र वडा कार्यालयबाट खरिद गरिएका मालसामानहरु सम्वन्धित शाखा तथा वडा कार्यालयमा दाखिला गरेपनि PAMS मा दाखिला गरेको नदेखिएको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) अनुसार मोविलाईजेशन पेस्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको खातामा जम्मा भए नभएको एवं उक्त पेस्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको अद्यावधिक विवरण सार्वजनिक निकायले प्राप्त गरी अनुगमन गरेको नदेखिएको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता म.ले.प. फारम नं.५०७ र कन्टिन्जेन्सी खाता राखेको देखिएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने अधिकांश सामानको गुणस्तर परीक्षण गरेको देखिएन,

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन,

• सञ्चालित योजनाको आयव्यय सूचना पाटीमा सार्वजनिक गर्ने, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३(१) बमोजिम नक्सापास सम्वन्धी व्यवस्थालाई कार्यान्वयन गरेर नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय भवन संहिताको पालना गराएको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२(१) मा स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्न सक्ने व्यवस्था रहेकोमा कार्यालयले त्यस्तो आचार संहिता बनाई लागू गरेको छैन,

• भ्रष्टचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन सम्वन्धी पालिकाको कार्ययोजना बनाई कार्यान्वयन गरेको देखिएन ।

ऐन, नियम, निर्देशिकामा भएका आन्तरिक नियन्त्रण सम्वन्धी सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहितालाई सुदृढ बनाउन कार्यालयले ध्यान दिनु पर्दछ ।

९ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्षको अन्तिममा मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । कानूनमा उल्लिखित व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।

१० **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा लेखापरीक्षण गर्ने निकायले फर्स्यौट हुन वाँकी पेश्की रकमलाई आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने उल्लेख गरिएको छ । कार्यालयले उपलव्ध गराएको विवरण

अनुसार यो आर्थिक वर्षको अन्त्यसम्ममा फस्यौंट गर्न बाँकी पेश्की रु.१,५१,५४०। रहेकोमा आ.व.२०८२।८३ को लेखापरीक्षण अवधिसम्म पेश्की फस्यौंट गरेको देखाएको छ । नियमावलीको व्यवस्था अनुसार तोकिएको समयमा पेश्की फछर्यौट गर्नु पर्दछ ।

११ लक्ष्य र प्रगति

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष तोकिएको ढाँचामा लक्ष्य प्रगति विवरण तयार गरी त्यसको समिक्षा गरेको देखिएन । कार्यालयले तोकिएको ढाँचामा प्रगति विवरण तयार गरी त्यसको समिक्षा गर्नु पर्छ ।

१२ सञ्चितकोषको चौमासिक विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव अर्ध वार्षिक रुपमा तालुक निकायमा पठाएको भए पनि चौमासिक रुपमा पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तयार गरी तालुक निकायहरुमा पठाउनु पर्दछ ।

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

१३ सम्भाव्यता अध्ययन/डी.पी.आर

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने र यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले १५ शैयाको अस्पताल र रक गार्डेन गरी २ वटा डिपिआरमा यो वर्ष रु.१८,६१,०००। खर्च गरेको छ। कार्यालयले कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा त्यस्ता अध्ययन एवं परामर्श सम्वन्धी कार्यहरुमा नियन्त्रण गर्दै तिनीहरुको खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

क्र सं	खर्च				खरिद विधि				कार्यान्वयनमा गएको			
	गत वर्ष		यो वर्ष		सिलबन्दी दरभाउपत्र		सिधै वा आसयपत्र		गत वर्ष		यो वर्ष	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
१			२	१८६१०००।	१	१५००००।	१	३६१०००।				

१४ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष कन्टिन्जेन्सी खर्च तर्फ मर्मतमा रु.५३०००००।, कार्यलय सञ्चालन तथा अनुगमनमा रु.६,१५,०००। र अन्य रु.४,१५,०००। समेत गरी रु.१५,६०,०००। खर्च गरेको छ। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने मर्मत, कार्यालय सञ्चालन तथा अनुगमन सम्वन्धी रकमहरू सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन। कन्टिन्जेन्सी रकमबाट कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

१५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा कार्यालयले विविध प्रकृतिका तथ्यांक सङ्कलन गरी व्यवस्थित अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले कार्यालयको सम्पत्ति र जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने र प्रतिवेदनमा सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी बाँधिएको सम्पत्ति तथा जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था, सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी नबाँधिएको सम्पत्ति तथा जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था, सम्पत्ति तथा जिन्सी मालसामानको संरक्षण र सम्भार भए वा नभएको व्यहोरा, मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण, टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने अवस्था भए वा नभएको व्यहोरा, सम्पत्ति तथा जिन्सी मालसामानको प्रयोग भए वा नभएको, हानी नोक्सानी भए वा नभएको र हानी नोक्सानी भएको भए कसको लापरवाहीबाट भएको हो सोको विवरण र एकै किसिमको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरणलगायतको व्यहोराहरु उल्लेख गर्नुपर्दछ । कार्यालयको आ.व. २०८१/८२ को जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी मालसामान उपयोगको तुलनात्मक विवरण तयार गरेको देखिएन साथै प्रतिवेदन अनुसार जिन्सी आम्दानी, लेखांकन, मर्मत सम्भार र लिलाम गर्नुपर्ने भनी सुझाव दिएका मालसामानहरुको सम्वन्धमा आवश्यक कार्य गरेको देखिएन ।

१७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना करार समेत गरेर पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रशासकीय अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरुमा आवश्यकता र औचित्यताका आधारमा स्थायी पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१८ **करारका कर्मचारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । कार्यालयले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी यो वर्ष रु.६५,०६,९८४। खर्च गरेको देखिन्छ । स्वीकृत दरवन्दी अनुसार पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्ने र दरवन्दी बाहिरका कर्मचारीहरुको हकमा आवश्यकता र औचित्यताको आधारमा कानून सम्मत ढंगबाट दरवन्दी सिर्जना गरी स्वीकृत दरवन्दीमा तोकिएको प्रक्रिया अवलम्वन गरी कामकाजमा लगाउनुपर्ने देखिन्छ ।

१९ **पूँजीगत सम्पत्तिको आयः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले चालक सहितको डोजर १, एम्बुलेन्स ३ सञ्चालन गर्दा रु.५०,३६,८८३। खर्च देखाएको छ भने आम्दानी रु.३०,०६,५०४।६० मात्र देखाएको छ ।

यसरी पूँजीगत सम्पत्तिको सञ्चालनबाट कार्यालयले रु.२०,३०,३७८।४० नोक्सानी व्यहोरेको अवस्था देखियो । कार्यालयले डोजर सञ्चालन गर्दा पालिकाले कहाँ कति समय निशुल्क तथा सेवा शुल्क लिई सञ्चालन गरेको हो तथा एम्बुलेन्स सेवा प्रदान गर्दा के कति गरिव, असहाय, प्रकोप पीडितलाई प्रदान गरेको हो व्यवस्थित अभिलेख राखेको नदेखिएकोले मेसिनरी सञ्चालनको आम्दानीको यथार्थता सम्वन्धमा यकिन गर्न सकिएन । डोजर सञ्चालन गर्दा भाडामा लगाएकोमा लकबुक सहितको अभिलेख हुनुपर्ने र पालिका आफैले लगाएकोमा लागत अनुमान नापी किताव र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्छ । तसर्थ कार्यालयले उपलव्ध पूँजीगत सम्पत्तिको सदुपयोगमा समुचित ध्यान दिनुपर्ने देखिन्छ ।

पूँजीगत।मेशिनरी	संख्या	मर्मततथाईन्धनरकम	चालकको खर्च	कुल खर्च रू.	आम्दानीरकम रू.	खुद आम्दानी
डोजर	१	१८२१०१५	३१२०००।	२१३३०१५।	११५३९९८.६०	
अन्य एम्बुलेन्स	३	१८२७०००	१०७६८६८।	२९०३८६८।	१८२५०६	
जम्मा		**३६४८०१५**	**१३८८८६८।**	**५०३६८८३।**	३००६५०४.६०	**(२०३०३७८।४०)**

२० सफ्टवेयरको खरिद तथा उपयोग

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष देहाय बमोजिमका २ वटा सफ्टवेयर खरिद गरी रु ८,९७,०००। भुक्तानी गरेको छ। कार्यालयले लेखापरीक्षण अवधिसम्म खरिद गरेका सफ्टवेयर सोर्स कोड सहित दाखिला गरेको देखिएन । साथै कृषि सफ्टवेयर सञ्चालन गरी उपयोगमा ल्याएको देखिएन । कार्यालयले यस्ता सफ्टवेयर खरिद गर्दा आम्दानी बाँध्ने तथा प्रयोग र सञ्चालनमा विशेष ध्यान दिई त्यसको कार्यक्षमतालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

क्र सं	कार्यक्रमको नाम	प्रयोजन	खरिद गरेको वर्ष	सफ्टवेयर खरिद खर्च
१	HMIS-System (OPD,LAB,Pharmacy and BIMA)	श्रृङ्गाप्रास्वाकेमाप्रयोग	२०८१	४०००००।
२	कृषिसफ्टवेयर	कृषिविकासशाखाको लागि	२०८१	४९७०००।

२१ आर्थिक सहायता तथा विविध खर्च

लुम्विनी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष विविध खर्चमा रु.८,४७,२७५।, असहाय उपचार सहायतामा रु.७,९०,०००।, दीर्घरोगी सहायतामा रु.९,१६,०००। र असहाय सहायतामा रु.८,२३,०००।गरी कुल रु.३३,७६,०००।विविध तथा आर्थिक सहायतामा खर्च गरेको देखिन्छ । आन्तरिक आम्दानीको अवस्थालाई दृष्टिगत गरी यस्ता खर्चलाई नियन्त्रण गर्न कार्यालयले विशेष ध्यान दिनुपर्छ ।

२२ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । त्यसैगरी लुम्विनी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २०(१) मा कुनै बजेट उपशीर्षकमा नपुग भएको रकम पुर्ति गर्न अन्य एक वा एक भन्दा बढी बजेट उप शीर्षकमा वचत रहेको रकमबाट रकमान्तर गर्न सक्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म तथा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाईने उल्लेख छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष रु.२,४१,४२,९२७। रकमान्तर गरेको छ । गाउँसभाको २०८१।९।२८ को निर्णय अनुसार उक्त रकम रकमान्तर गरेको देखिन्छ । कार्यालयले अधिकांश रुपमा विनियोजन नभएको योजना, कार्यक्रम तथा शीर्षकमा रकमान्तर गरेको देखिन्छ । यसरी आर्थिक वर्षको वीचमा विनियोजन नभएको योजना, कार्यक्रम तथा शीर्षकमा रकमान्तर गर्ने विषयमा नियन्त्रण गरी बजेट तथा कार्यक्रम कार्यान्वियन हुन सक्ने अवस्था यकिन गरेरमात्र बजेट तथा कार्यक्रम तयार गरी बजेटको कार्यान्वियनलाई प्रभावकारी बनाउनु पर्दछ ।

२३ नगद लागत सहभागिता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३घ) मा योजना बनाउँदा स्थानीय जनसहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने र लागत कम लाग्ने विषयलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरिएको छ । कार्यालयले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिंदै नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेमा सो अनुसार आयोजना तथा कार्यक्रम सञ्चालन गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२४ **सामुदायिक संगठनबाट निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१क५) मा मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई खरिद गर्न सकिने व्यवस्था रहेको छ । त्यसैगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४(१) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गूणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्वेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था रहेको छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट गठन गरेको समिति भन्ने उल्लेख छ । नमुना परीक्षण गर्दा उपभोक्ता समितिको कार्यप्रक्रियालाई अवलम्वन गरी यो वर्ष पालिकाले कार्यान्वियन गरेका कुल १६९ योजना मध्ये टोल विकास तथा सुधार संस्थाहरु मार्फत ८५(५०.२९प्रतिशत) वटा निर्माण कार्यसम्वन्धी योजना सञ्चालन गरी रु.१,२८,७७,९११।भुक्तानी गरेको देखिन्छ । गाउँपालिकामा दर्ता भई कर कार्यालयबाट स्थायी लेखानम्वर प्राप्त सामुदायिक संस्थाहरुको विनियममा उल्लिखित उद्वेश्य तथा कार्यहरुलाई हेर्दा जनचेतनामूलक कार्य गर्ने र निर्माण कार्यमा सहयोग गर्ने बाहेक आफैले निर्माण कार्य गर्ने गराउने सम्वन्धी व्यवस्था रहेको देखिएन । यस्ता संस्थाहरुले आफ्नो नामबाट विलवीजक जारी गरेका छैनन् । यसका साथै सार्वजनिक खरिद सम्वन्धी कानूनमा गैर सरकारी संस्थामार्फत निर्माण कार्य गर्न गराउन नहुने स्पष्ट व्यवस्था रहेको र सामुदायिक संस्था मार्फत निर्माणको खरिद सम्वन्धी कार्य गराउने सम्वन्धमा कुनै पनि व्यवस्था रहेको देखिदैन । सामुदायिक संस्था गठन तथा सञ्चालनको मुलभूत उद्वेश्य पनि जनचेतना तथा सामुदायिक क्षमता अभिवृद्धिमा सहयोग पुर्याउनु रहेको र उपभोक्ता समितिको परिभाषाले यस्ता संस्थाहरुलाई नसमेटेको अवस्थामा उपभोक्ता समितिको खरिद प्रक्रिया अपनाई स्थानीय विकास निर्माण कार्यमा उल्लेखनीय ढंगबाट टोल सुधार संस्थाहरुको परिचालन गर्नु गराउनु निमयसम्मत देखिएन । कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ ।

२५ **त्रैमासिक पुँजिगत खर्च स्थिति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थितिलाई विश्लेषण गर्दा चौथो त्रैमासिक खर्च वार्षिक कुल पूँजीगत खर्चको ५९.४३ प्रतिशत तथा असारको खर्च ४३.२४ प्रतिशतलाई रहेको छ । पहिलो, दोस्रो र तेस्रो त्रैमासिकको कुल खर्च भन्दा चौथो त्रैमासिक खर्च बढी छ भने असार महिनाको खर्च समेत ती तीन त्रैमासिक खर्चभन्दा बढी देखिन्छ । ५० प्रतिशत भन्दा बढी खर्च आर्थिक वर्षको अन्तिम त्रैमासिकमा देखिनुले कार्यालयले अन्तिम समयमा कार्यसम्पादन गरे गराएको स्पष्ट हुन्छ ।अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा प्रत्यक्ष असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अन्तिम समयमा काम गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगतखर्चतर्फ	२०८४१३५७०।०१	१४०२७०४०	३१९९२४००	३८५३९३८९।८०	१२३८५४७४०।२१	९०१३१३६४।२१
प्रतिशत	१००	६.७३	१५.३५	१८.४९	५९.४३	४३.२४

२६ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू

गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा वडागत र पालिकास्तरका कुल १६९ योजनामा वजेट विनियोजन गरेको छ।उपर्युक्त विवरणअनुसार पालिकाले २० हजार रुपैयाका साना र वितरणमुखी योजनाहरु देखि ३ करोड रुपैयासम्मका ठूला योजनासमेत सञ्चालन गरेको देखिन्छ । साना योजनाहरुको सञ्चालनवाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्न सक्ने देखिन्छ । तसर्थ पालिकाले योजना तथा कार्यक्रम बनाउँदा वस्तुनिष्ठ तवरले प्राथिमिकताका आधारमा योजना छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

रु १ लाख सम्म	**रु १ लाख देखि ५ लाखसम्म**	**रु ५ लाख देखि १० लाखसम्मका**	**रु १०लाख देखि २० लाखसम्मका**	**रु २०-50 लाख सम्म**	**50लाख भन्दा बढी**	**जम्मा**
९३	**४२**	**१७**	**९**	२	६	१६९

२७ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यो वर्ष पालिकाले उपलव्ध गराएको विवरण अनुसार क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ ।उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.१७ प्रतिशत र वातावरण तथा विकासका क्षेत्रमा सबै भन्दा घटी १.३४ प्रतिशत रहेको छ । बजेट विनियोजन तथा खर्च गर्दा क्षेत्रगत सन्तुलनमा विशेष ध्यान दिनुपर्छ ।

क्र.स	**क्षेत्र**	**वार्षिक बजेट**	**खर्च रकम**	**खर्च प्रतिशत**
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३१९१४२०८	२८४९४३९७।८९	५.७९
२	पूर्वाधार विकास	११२७५७३२९	१०५३५६५०२।४०	२१.४०
३	सामाजिक विकास	३१६४८०६७६।८०	२८६३१६६२६।४८	५८.१७
४	बातावरण तथा विकास	६६६५८१५	६५८८१५२।८१	१.३४
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	८९५१७६०	८०७१५९५।१५	१.६५
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	६४४१७७३८।२०	५७३३०८८६।१८	११.६५
जम्मा		**५४११८७५२७।**	**४९२१५८१६०।९१**	**१००**

२८ खर्च विश्लेषण

पालिकाको यो वर्ष कुल आन्तरिक आयबाट रु.१,००,८५,३३७।४२ राजस्व बाँडफाँड, अनुदान र अन्य समेत रु.७४,६०,७८,३५४।०९ आम्दानी भएकोमा चालु तर्फ रु.४७,१४,८३,४१७।९१ र पूँजिगत तर्फ रु.२०,८४,१३,५६९।०१ गरी रु.६७,९८,९६,९८६।९२ खर्च गरेको छ । कुल खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकम मध्येबाट ६९.३४ प्रतिशत चालु र ३०.६६ प्रतिशतमात्र पूँजी निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले पूँजी निर्माण हुने विकास कार्यक्रमको सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक तथा चालु कार्यक्रममा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा पूँजी निर्माण हुने विकासका क्रियाकलापमा परिचालन गर्नुपर्दछ ।

२९ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२(३) मा संघीय संञ्चित कोषबाट सशर्त, समपूरक वा विशेष अनुदान वापत प्रदेश वा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई वाँकी भएमा सम्वन्धित प्रदेश वा स्थानीय तहले त्यस्तो रकम सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त भएको समानीकरण वाहेकका निम्नानुसार अनुदान रकम खर्च नभई बाँकी रहेकोमा सम्वन्धित संचितकोषमा फिर्ता गरेको देखाएको छ। कार्यालयले देहाय अनुसार अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	फिर्ता गरेको मिति
संघीय सरकार	शसर्त	२७,७१,९०,५००।	२४,७७,९३,७८८।६९	२,९३,९६,७११।३१	**२०८१।०३।२९**
	विशेष	२,५०,००,०००।	२,५०,००,०००।		
	समपुरक	२,००,००,०००।	२,००,००,०००।		
प्रदेश सरकार	शसर्त	८०,००,०००।	७७,४२,०००।	२,५८,०००।	**२०८१।०३।२९**
	विषेश	२५,००,०००।	२४,७८,३१७।	**२१,६८३**	
	समपुरक	७०,००,०००।	७०,००,०००।		
जम्मा				**२,९६,७६,३९४।३१**	

३० राजश्व अभिलेखको निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए नभएको र नियम ५९ बमोजिम लगती तथा हसवली राजस्वको अभिलेख निरीक्षण गरी त्यसको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था रहेको छ । यो वर्ष प्रमुख प्रशासकीय अधिकृतबाट वडा कार्यालयमा त्यस्तो निरीक्षण गरेको अभिलेखबाट देखिएन । राजस्व अभिलेखको नियमित रुपमा निरीक्षण गरी अभिलेख अद्यावधिक गर्न लगाई कानूनको पालनामा ध्यान दिनुपर्छ ।

३१ नदिजन्य पदार्थको सदुपयोग

लुम्विनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ११ मा सम्झौता अनुसार घाटगद्दीको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि स्थानीय तहमा निवेदन दिनुपर्ने, स्थानीय तहले नदिजन्य पदार्थ संकलन गर्ने क्षेत्रको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट अन्तिम जाँच गराउनुपर्ने उल्लेख छ । त्यसैगरी नदिजन्य पदार्थ उत्खनन्, संकलन गर्दा सम्झौता र यस निर्देशिकाको प्रतिकुल भए नभएको सम्वन्धमा समितिले प्रतिवेदनमा खुलाउनुपर्ने र अन्तिम जाँच सम्पन्न भएपछि निर्माण व्यवसायीले स्थानीय तहबाट विक्री स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नघटाई घाटगद्दीबाट नदिजन्य पदार्थ विक्री गर्न पाउने उल्लेख छ । कार्यालयले यो वर्ष शिलवन्दी दरभाउपत्रको माध्यमबाट रिडि खोला तथा बडिगाढ खोलामा ढुङ्गा, गिट्टी वालुवाको ठेक्का लगाई रु.११,७९,३५०। आम्दानी गरेको देखाएको छ । तर कार्यालयले यो वर्ष नदिजन्य पदार्थ संकलन क्षेत्रको घाटगद्दीको कार्य सम्पन्न गरेपछि जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट अन्तिम जाँच गराएको तथा सम्वन्धित निर्माण व्यवसायीबाट विक्रीको लागि पालिकाबाट स्वीकृति लिएको देखिएन । कार्यविधिको पालन गरेर नदिजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण गर्नुपर्छ ।

३२ राजश्व अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(४) मा राजस्वको लेखा महालेखापरीक्षबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष रु.१,००,८५,३३७।४२ आन्तरिक राजश्व प्राप्त गरेको छ । कार्यालयले छपाईको निर्णय सहित छपाई भएको आम्दानी रसिद प्रयोग सम्वन्धमा रसिद नियन्त्रण खाता तयार गरेर नेपालको सरकारी लेखा फारामहरु २०७६ अनुसार कार्यालयले राजश्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा.नं. १०४), दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०५), दैनिक नगद प्राप्त गोश्वरा खाता (म.ले.प.फा.नं. १०६), दैनिक वैंक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं. १०७), राजस्व/आम्दानीको लगत र असुली प्रतिवेदन(म.ले.प.फा.नं. ११३) लगायत राजस्व आम्दानीको स्रेस्ता खडा गरेर आर्थिक विवरण तयार गरेको देखिएन । उल्लिखित फारम प्रयोग गरी राजश्व प्राप्ती गरी प्रतिवेदन नगरेको, आम्दानी रसिद छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको प्रयोग भएको पुर्ण अभिलेख कार्यालयमा नआएको र अघिल्लो आर्थिक वर्षमा वाँकी रहेका रसिदको प्रयोग अवस्था समेत नखुलेकोले आम्दानी एकिन हुने अवस्था रहेको छैन । नेपालको सरकारी लेखा फारामहरु, २०७६ अनुसार राजश्व सम्वन्धी मलेप फारमको अनिवार्य रुपमा प्रयोग गरी राजश्व अभिलेख, भिडान तथा प्रतिवेदन प्रणाली व्यवस्थित गर्नु पर्दछ ।

३३ जीपलाईनको सञ्चालन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(१) मा स्थानीय तहले स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ । साथै सोही ऐनको दफा ६२(३) मा स्थानीय तहले सेवा सुविधा उपलव्ध गराउने वा त्यस्तो सुविधा उपयोग गरेवापत लाग्ने शुल्क उठाउने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने उल्लेख छ । यो वर्ष पालिकाले रु.८६,२६,३१४।६३ को लागतमा चोयगामा जीपलाईन निर्माण कार्य सम्पन्न गरी २०८१ पुष १२ गतेदेखि आफैले शुल्क उठाई सञ्चालनमा ल्याएको देखियो ।कार्यालयले यो वर्ष जीपलाईन सञ्चालन गर्दा सेवा शुल्क वापत रु.७,८१,२५०। आम्दानी देखाएको छ । कार्यालयले जीपलाईन सञ्चालन सम्वन्धी कार्यविधि तथा त्यसको प्रभावकारी सञ्चालन सम्वन्धी रणनीति बनाएको देखिएन । कार्यालयले प्रचार प्रसार मार्फत जीपलाईनको प्रभावकारी ढंगबाट सञ्चालन गरी सेवा शुल्क मार्फत आयआर्जनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३४ पदाधिकारी सुविधा

लुम्विनी प्रदेशको लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ को अनुसूची (क) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई स्थानीय तहको आन्तरिक आय समेतको आधारमा सुविधा उपलब्ध गराउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यो वर्ष ४१ जना पदाधिकारीहरुलाई रु.६६,९१,०००। पदाधिकारी सेवा सुविधावापत भुक्तानी दिएको छ जुन आन्तरिक आय रु.१,००,८५,३३७।४२ को ६६.३४ प्रतिशत हुन्छ ।कानून बमोजिम प्राप्त राजस्व अधिकारका आधारमा आन्तरिक आयको दायरा अभिवृद्धिमा पालिकाले विशेष ध्यान दिनुपर्छ ।

३५ फोहोरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था रहेको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । कार्यालयले फोहोरको वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्न नसक्दा जटिलता देखिएको छ । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३६ सूचनाको हक सम्बन्धी कानून

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ६(१) मा सूचना अधिकारी सम्वन्धी व्यवस्था रहेको छ । त्यसैगरी सोही ऐनको दफा ४(२क) मा सार्वजनिक निकायले सूचनाको वर्गिकरण र अद्यावधिक गरी समय समयमा प्रकाशन गर्नुपर्ने दायित्व उल्लेख गरेको छ भने दफा ५(४) मा स्वतः प्रकाशन गर्नुपर्ने विवरण प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने उल्लेख छ । कार्यालयले सूचना अधिकारी तोकेको तथा वेवसाईट सञ्चालनमा ल्याएको भएता पनि समयसमयमा उक्त वेवसाईटलाई अद्यावधिक गरेको नदेखिएको, सूचनाको वर्गिकरण एवं अद्यावधिक गरेको नदेखिएको, तीन तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण पूर्ण रुपमा प्रकाशित नगरेको र सार्वजनिक निकायमा सूचनाको हक अन्तर्गत् माग गरिएका विवरणको छुट्टै अभिलेख राखेको देखिएन । सूचनाको हक सम्वन्धी कानूनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनमा कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३७ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा स्थानीय तहको एकल अधिकारको संविधानको अनुसूची ८ को सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी स्थानीय तहको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ ।उक्त व्यवस्था अन्तर्गत् स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र बसोवास गर्ने नागरिकलाई सार्वजनिक सेवा सुविधा प्रदान गर्नुपर्छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष पालिकाले प्रदान गरेको आधारभूत सेवा प्रवाहको विवरण देहाय बमोजिम रहेको छ । कार्यालयले घर निर्माण गर्न नक्सापास सम्वन्धी सेवा प्रवाह गरेको देखिएन । त्यसैगरी पूर्वाधार तर्फ कालोपत्रे सडक मर्मत सम्वन्धी कार्य गरेको देखिएन । कार्यालयले आधारभूत सेवा प्रवाहको तथ्यांकलाई सुव्यवस्थित गर्दै त्यसमा सुधार ल्याउन निरन्तर लेखाजोखा तथा वडा कार्यालयहरुको सेवा प्रवाहको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

विवरण/ सिफारिससंख्या	निवेदन दर्ता	सिफारिस भएको संख्या
नागरिकता सिफारिस	१२५०	१२५०
घरबाटो प्रमाणित	३६०	३६०
नाता प्रमाणित	३२०	३२०
पञ्जिकरणतर्फ	**निबेदन दर्ता**	**प्रमाण पत्र जारी संख्या**
जन्मदर्ता	**५८१**	**५८१**
मृत्युदर्ता	**२६७**	**२६७**
बसाईसराई दर्ता	**१२९**	**१२९**
विवाह दर्ता	**२७२**	**२७२**
सम्बन्धविच्छेद दर्ता	**३३**	**३३**
पूर्वाधार तर्फ विवरण	**अनुमानित परिमाण**	**कार्य सम्पन्न परिमाण**
पूर्वाधार विकास सडक निर्माण	९६०० मि.	९४८० मि
कालोपत्रे सडक निर्माण	३११० मि	३०९० मि
ग्राभेल सडक निर्माण	४८० मि	४५० मि
ग्राभेल सडक निर्माण	८०० मि	७५० मि

३८ **सामग्री प्रयोग**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्चको लेख्नु अघि खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको वा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले ग्याविन वक्स र पाईप खरिद गरी निम्नानुसार रु.७०२४०८। भुक्तानी दिएको छ। खरिद गरेको सामग्री हस्तान्तरण तथा प्रयोग र जडान गरिएको छैन। प्रयोजन र आवश्यकता पहिचान गरी वितरण तथा जडान कार्य गरी कार्यसम्पादन भएको देखिने प्रमाण पेश गर्नुपर्ने रु….

क्र. स	विवरण		परिमाण	रकम
१	ग्याविन वक्स	भाष्क स्टोर	६० थान	५११६६४
२	पाईप		५४०० मिटर	
३	ग्यावि वक्स	फिस्टेल जियोसर्भेय प्रा लि	१०० थान	१९०७४४
		जम्मा		७०२४०८

(….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रु **७०२,४०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३९ **गरिवी निवारणकोलागि लघुउद्यम बिकास कार्यक्रम**

३९.१ **अनुगमन:** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४१ मा प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नु तथा प्रविधि हस्तान्तरण गर्दा शाखाले शर्तनामा गराई बुझाउनुका साथै सोको विवरण अद्यावधिक गर्नु पर्ने र दफा ५८ मा कार्यक्रमको अनुगमन गरी दफा ५९ अनुसार प्रगति विवरण पेश गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष संचालन गरेको **लघुउद्यम**

बिकास कार्यक्रमको अनुगमन प्रतिवेदन तयार गरेको छैन। निर्देशिका अनुसार प्रविधि हस्तान्तरण गर्दा शाखाले शर्तनामा अनुसार विवरण अद्यावधिक गरी कार्यक्रमको अनुगमन मुल्याङ्कन गरी त्यसको प्रगति विवरण पेश गर्नुपर्दछ।

३९.२ **उपकरण खरिद:** गरिवी निबारणको लागि लघुउद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ को नियम ४० मा सहजकर्ताको सिफारिसमा उद्यमको प्रकृति हेरी व्यवसायिक प्रकृति अनुसार शाखाले लघुउद्यमी वा उद्यमी समुहलाई प्रविधि हस्तान्तरण गर्ने नियम ४१ मा उद्यमीको प्रकृतिको आधारमा आवश्यकता विश्लेषण गरी शाखाले अनुसुची १३ बमोजिम सम्झौता गरी लागत साझेदारीमा प्रविधि हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले प्रविधि हस्तान्तरण अन्तर्गत दुना टपरी बनाउने मेसिन खरिद गरी सरल यन्त्र प्रा.लि लाई रु.२४९८८९ भुक्तानी दिएको छ। खरिद गरेको उपकरण उद्यमसिल समुहलाई हस्तान्तरण गरेको छैन । निर्देशिकाको व्यवस्था अनुसार तालिम प्राप्त उद्यमि समुह छनौट गरी उद्यमि समुहले व्यहोर्ने कम्तिमा २० प्रतिशत रकम लिई प्रविधि हस्तान्तरण गर्नुपर्ने रु……

प्रमाण पेश नगरेको	२,४९,८८९

३९.३ **प्रविधि हस्तान्तरण:** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को ४१ (३) बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्ताले कबोल गरेको अङ्कको बिस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले दुना टपरि वनाउने मेसिनलगायतका प्रविधि खरिद गरी रु.३८९८८९ भुक्तानी गरेको छ । पालिकाले खरिद गरेको मेसिन १०० प्रतिशत अनुदानमा देहायका लघुउद्यमी समुहहरुलाई हस्तान्तरण गरेको छ। निर्देशिका अनुसार गाउँपालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम सम्वन्धित लघु उद्यमीबाट असुल गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने रु……..

गो.भौ.न.मिति	विवरण	आपूर्तिकर्ता	कुल रकम	असुल गर्नुपर्ने
२३२-०८१।१२।१७	रैनादेवी लघुउद्यमी समुह (अध्यक्ष: मञ्जु खड्का)	सरल यन्त्र प्रा.लि	२४९८८९	४९९७८
३३०-०८२।२।२६	श्रृङ्गेश्वर होजियारी लघुउद्यम समुह अध्यक्ष: कमला अर्याल	सरल यन्त्र प्रा.लि	४६०००	९२००
३३०-०८२।२।२६	प्रगतिशिल लघुउद्यम समुह अध्यक्ष: कमला श्रेष्ठ	यमकुमारी अधिकारी	९४०००	१८८००
	जम्मा		३८९८८९	७७९७८

असुल गर्नुपर्ने	७७,९७८

४० खरिद सामग्रीको उपयोग

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा सार्वजनिक खर्चको भुक्तानी दिदा रित पुगेको एकिन गरेर र लेखा राख्दा खर्च पुष्ट्याई हुने स्रेस्ता विल भरपाई कागजात समेतको लेखा राखेरमात्र भुक्तानी दिने व्यवस्था छ।कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमको सेफ्टि उपकरण ७६ सेट खरिद गरी फिस्टेल जियो सर्भे प्रा लि लाई रु.१८८५०६। भुक्तानी दिएको छ। पालिकाले यस प्रकारको सामग्री खरिद गरी कार्यालयको स्वामित्वमा राख्ने र कार्यक्रम संचालनको अवधिमा आवश्यकताको आधारमा मात्र सम्बन्धितलाई उपलव्ध गराई उपकरणको प्रभावकारी प्रयोग र व्यवस्थापन गरी प्रत्यक वर्ष यस प्रकारको सामग्री खरिद गर्ने कार्यमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४१ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को नियम २९ मा कामको नियमित सुपरीवेक्षण गर्नुपर्ने र नियम ३० मा अनुसूची ५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकाको ६ वटै वडाहरुमा सडक तथा नाली सरसफाई, सडक मर्मत तथा सोलिङ, कुलो कटानको कार्य गर्न लगायतका विभिन्न २६ वटा योजना संचालनमा रहेको र उक्त कार्यबाट औषतमा १०० कार्य दिन कार्य गरेवापत ७६

जनालाई ज्यालाबापत रु.५०५१२४०। र प्रशासनिक खर्च रु.२०९६०२९। गरी कुल रु.७१४७२६९। खर्च भुक्तानी दिएको देखियो। उक्त कार्यबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि संचालित योजनाबाट कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन। कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजनाहुने आयोजना संचालन गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ। साथै कार्यविधिको व्यवस्था कार्यान्वियन गरी रोजगार कार्यक्रमलाई थप परिस्कृत तथा व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४२ **विपद सहायता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (४) मा विपद व्यवस्थापनको लागि आर्थिक सहायता दिदा सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा हुनेगरी सहायता प्रदान गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले विपद सहायताको लागि कार्यसंचालन कोषबाट कार्यालयका कर्मचारी श्रीधर अर्जेललाई रु.१०७०००। पेश्की रकम निकासा दिएर निजले विभिन्न व्यक्तिलाई विपद सहायता अनुदान हस्तान्तरण गरेको भरपाई पेश गरेको आधारमा पेश्की फछ्यौट गरेको पाईयो। विपद वापत रकम वितरण गर्दा सम्बन्धितको बैंक खातामा रकम दाखिला गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

४३ **अनुदानको अनुगमन**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को ४.१.१३ मा संचालित कार्यक्रमको सार्वजनिक सुनुवाई र प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा समेत पठाउनुपर्ने व्यवस्था छ।गाउँपालिकाले यो वर्ष संघीय शसर्त खर्च शिर्षकबाट विभिन्न कार्यक्रममा ५० प्रतिशत अनुदान शिर्षकमा रु.१४११२३०। कृषि अनुदान वितरण गरेको छ। कृषि सहकारीलाई दिएको अनुदानको प्रगतिको अनुगमन गरी सरकारी अनुदानको उपयोगिताको सुनिश्चितता प्राप्त गर्न सोको प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ।

क्र.स	विवरण	भुक्तानी पाउने	कुल रकम	भुक्तानी रकम
१	५० प्रतिशत अनुदानमा गहुँको विउ वितरण	घिमिरे कृषि तथा पशुपंक्षी फर्म	५१००००	२५५०००
२	५० प्रतिशत अनुदानमा फापरको विउ वितरण	लक्ष्मी भेट सेन्टर	१८००००	९००००
३	५० प्रतिशत अनुदानमा ९५ थान मौरि घार खरिद गरी ९५ जना कृषकलाई वितरण	न्यू सम्झना फर्निचर मौरिघार उपकरण उद्योग	८०२७५०	४०१३७५
४	५० प्रतिशत अनुदानमा मकैको विउ वितरण	न्यू कोपिला बहुउद्देशीय कृषक समुह	३३५८००	१९१५२५
५	मल्चिङ्ग प्लास्टिक र विउ समेत ५० प्रतिशत अनुदान वडा नं २ मा वितरण	लक्ष्मी भेट तथा लक्ष्मी एग्रो	३४६६७१	१७३३३०
६	टनेल प्लास्टिक वितरण ५० प्रतिशत अनुदानमा पालिकाभित्र सवै वडामा	मुक्तिनाथ कृषि कम्पनी	६०००००	३०००००
	जम्मा			१४११२३०

४४ **बचत भएको अनुदान रकम खर्च**

संघीय सरकारको समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०८१ को दफा 12 मा प्रदेश वा स्थानीय तहले समपूरक अनुदान खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उक्त कार्यविधिको दफा १४ मा समपूरक अनुदान अन्तर्गत सञ्चालन हुनेगरी छनौट भएको आयोजना वा कार्यक्रमका लागि वजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजना कार्यक्रमको नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रममा विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न नपाईने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२(३) मा सशर्त समपूरक वा विशेष अनुदान वापत प्रदेश वा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई वाँकी भएमा संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (३) मा सरकारी रकमको खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृति गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। लुम्विनी प्रदेश आर्थिक वर्ष २०८१।८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ को दफा ८(10) मा प्रदेश स्रोतबाट सञ्चालन हुनेगरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोवस्त भईसकेपछि वचत हुने रकमको पुन ठेक्का गराउन नपाईने उल्लेख छ । पालिकाले निम्नानुसार शीर्षक र योजनाबाट प्राप्त कार्यक्रममा बोलपत्रको माध्यमबाट खरिद गरी बचत रकमबाट सोहि आयोजनामा थप कार्य गर्ने उल्लेख गरी बाँकी बचत रकमबाट बोलपत्र, सिलबन्दी दरभाउपत्र तथा सोझै खरिद विधिबाट देहाएका केही आयोजनाको ढिलो सम्झौता गरी यस आर्थिक वर्षमा रु.

९१,१८,७९७.४२ खर्च गरेको पाईयो। यसरी कार्यविधि विपरित नयाँ कार्यक्रममा संघीय सरकारको स्वीकृति प्राप्त नगरी एकपटक ठेक्का बन्दोवस्त भईसकेपछि वचत हुने रकम पुनः खर्च गरेकोले अनियमित देखिएको रु....

क्र.सं.	आयोजना/योजना	राष्ट्रिय बोलपत्र (रु)	शिलबन्दी दरभाउपत्र (रु)	कोटेशन (रु)	बचत/थप खर्च (रु)	जम्मा (रु)	कैफियत
१	लुम्छा धरमपानी दिगाम सातमुरे सडक स्तरोन्नती योजना (बजेट रु ३ करोड)	२२,३४८,७४४.१३	१,५१५,२८४.७४ १,४७५,०१०.४६	०.००	२,९९०,२९५.२०	२८,३२९,३३४.५३	संघीय समपूरक
२	बिर्बास कोलधारी बर्जिया झर्दी सिस्ने चन्द्रकोट गा.पा. मोटरबाटो स्तरोन्नती योजना (बजेट रु २ करोड)	११,३५६,६४५.४२	१,७१२,४१६.९४ १,७५५,८०५.३१	९५१,९४१.४३	४,४२०,१६३.६८	१५,७७६,८०९.१०	संघीय समपूरक
३	गुल्मी जिल्ला छत्रकोट गा.पा.–१ गुन्टुङ हुँदै सिस्ने सडक स्तरोन्नती (बजेट रु ७० लाख)	४,७३०,१७८.८७	१,३६१,८७१.१४	०.००	१,३६१,८७१.१४	६,०९२,०५०.०१	संघीय सशर्त
४	गुल्मी जिल्ला छत्रकोट गा.पा.–३ धरमपोखरी रुक्से सडक स्तरोन्नती (बजेट रु २५ लाख)	२,०६७,०२६.०१	०.००	३४६,४६७.४०	३४६,४६७.४०	२,४१३,४९३.४१	संघीय सशर्त
जम्मा		४,०५,०२,५९४.४३	**७८,२०,३८८.५९**	**१२,९८,४०८.८३**	**९१,१८,७९७.४२**	५२,६११,६८७.०५	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रु **९,११८,७९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४५ हेभी इक्वीपमेन्ट वा ठूला मेशीनको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायाबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। सो नियमावलीको नियम ९७ को उपनियम (९क) मा प्रतिबन्धात्मक वाक्यांश विपरीत हेभी मेशीन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ।नमुना परीक्षणका आधारमा पालिका अन्तर्गत सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिसमा कार्यालयबाट सहमति नलिई गरिएको निर्माण कार्यको यो वर्ष रु.१५,१५,०४५।३७ भुक्तानी गरेको पाइएको छ । नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा हेभी मेसिन प्रयोग गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने र त्यस्तो मेसिन प्रयोग गर्दा कार्यालयको सहमतिमा प्रयोग हुने व्यवस्था मिलाउनु पर्दछ।

सि.नं.	आयोजना/कार्यक्रम	कुल लागत अनुमान रकम (रु)	भुक्तानी रकम (रु)	सञ्चालन गर्ने संस्था/समितिको नाम	मेसिनको खर्च (रु)
१	जैवारी–कड्यान पुरनबारी मोटरबाटो निर्माण	१,६०,७२३.३०	१,४५,५००.००	खड्गदेवी टोल विकास संस्था	१,६०,९६२.८०
२	मौलिपोखरा देखि फलामखानी मोटरबाटो निर्माण योजना	१,०६,७९६.५०	८७,२२८.९०	सिद्धबाबा टोल विकास संस्था-४	९६,०३८.५०
३	गुर्जीनेटा–गल्फाकोट–खज्याङ्ग मोटरबाटो निर्माण तथा स्तरोन्नती, छत्रकोट–५, गुल्मी	१६,०२,७९९.०१	१४,५५,०००.००	रैनादेवी टोल विकास संस्था	९,३२,८३२.७५
४	पाल्टुङ देखि भैरवस्थान जाने मोटरबाटो स्तरोन्नती, वडा नं. २	१,०७,५११.०१	९७,०००.००	ग्वाघा टोल विकास संस्था	१,०९,६०९.१३
५	सालबोट–बोहा मोटरबाटो स्तरोन्नती योजना	१,०६,९४०.०१	९७,०००.००	दिपेश्वर टोल विकास संस्था	१,०७,२२५.४१
६	इजरदेखि निखउदी डोम्मी मोटरबाटो स्तरोन्नती	१,०७,४०४.७९	९७,०००.००	इजरदेखि निखउदी डोम्मी मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति	१,०८,३७६.७८
					१५,१५,०४५.३७

४६ जटिल संरचना निर्माणमा उपभोक्ता समितिको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१४क) अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्रकृतिका स्ट्रक्चरसहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र मार्फत् प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्।

सि.नं.	योजना/कार्यक्रम	कुल लागत अनुमान रकम (रु)	भुक्तानी रकम (रु)	सञ्चालन गर्ने संस्था/समितिको नाम
१	गुल्मी जिल्ला छत्रकोट–३ चौपारीदेखि बयरपोखरा सडक स्तरोन्नती	३२,०१,१९३.८३	२७,५५,३३६.०६	गुल्मी जिल्ला छत्रकोट–३ चौपारीदेखि बयरपोखरा सडक स्तरोन्नती उपभोक्ता समिति
२	लुम्छा भालुपानी श्रृङ्गा सडक पी.सी.सी. कार्य (Lumchha Bhalupani Shringa Road PCC Works)	२०,१६,१०७.५५	१८,५८,४७३.८३	लुम्छा भालुपानी श्रृङ्गा सडक स्तरोन्नती उपभोक्ता समिति
३	लक्ष्मी आधारभूत विद्यालय खानेपानी आयोजना	१०,६७,७६०.२०	९,३३,८९४.५२	लक्ष्मी आधारभूत विद्यालय
४	छत्रकोट देवालय प्रवेशद्वार नजिक भवन निर्माण र छत्रकोट–३ घिसिनेटामा सार्वजनिक शौचालय निर्माण	१८,१३,९१५.७४	१६,२७,३६७.९९	श्री छत्रकोट देवालय (प्रवेशद्वार नजिक भवन तथा छत्रकोट–३ घिसिनेटामा सार्वजनिक शौचालय निर्माण समिति)
५	ठूला पोखरा–पाल्टुङ–ग्वाघा मोटरबाटो निर्माण तथा स्तरोन्नती, छत्रकोट–२, गुल्मी	१०,६७,१२१.५८	९,६१,१९३.४३	ग्वाघा टोल विकास संस्था

४७ बीजक विनाको पिएस आइटमको खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (२) मा रनिङ विल वा अन्य कुनै बिल वीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ।पालिकाले ठेक्का नं NCB 06/2081-82 बाट कोशल पोख्रेल स्मृति खेल मैदान वडा नं ४ मा निर्माणको योजनामा श्री आयसा आरती निर्माण सेवालाई तेस्रो रनिङ बिल भुक्तानी गर्दा प्रोभिजनल आइटममा बीजकको आधारमा सम्झौतामा उल्लेख भए बमोजिमको सीमामा रही भुक्तानी गर्नुपर्नेमा विओक्युको

पिएस आइटममा समावेश भएको सेनिटरी कार्यमा भनी रु.५५,०००।०० (मुअकर समेत) भुक्तानी गरेकोमा उक्त भुक्तानी गर्दा खर्चको बीजक वेगर भुक्तानी गरेको देखिएकाले उक्त खर्चको बीजक जारी गरेको प्रमाण पेश गर्नुपर्ने रु......

प्रमाण पेश नगरेको	५५,०००

४८ **ठेक्का सम्झौता र व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले पेस गरेको विबरण अनुसार यो वर्ष देहायका ठेक्काको खरिद सम्झौता गर्दा ८.२७ प्रतिशत देखि ४३.१९ प्रतिशतसम्म घटीको कबोल अंकमा ठेक्का सम्झौता गरेको छ। खरिद कार्य गर्दा मितव्ययी र गुणस्तरीय समेत हुनेगरी खरिद सम्झौता गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

ठेक्का नं	योजनाको नाम	निर्माण व्यवसायी	लागत अनुमान रकम	कबोल/सम्झौता रकम	कबोल प्रतिशत	घटि प्रतिशत
CRM/Gul/W/NCB-01/081-82	लुम्छा सत्मुरे सडक (लुम्छा चौपारी खण्ड) स्तरोन्नती गरी कालोपत्रे	श्री सागर निर्माण सेवा, सन्धिखर्क नगरपालिका-१२, अर्घाखाँची	३४,१४६,४०४.४२	२२,३४८,७४४.१३	६५.४५	३४.५५
CRM/Gul/W/NCB-02/081-82	बिर्बास कोलधारी बरिज्या झर्दी सिस्ने सडक (गुन्टुङ पल्लिकोट खण्ड) स्तरोन्नती गरी कालोपत्रे	नभ उत्कृष्ट/विटेन जे.भी., काठमाडौं महानगरपालिका-२६, मित्रनगर	१८,५४८,३९०.७७	११,७६१,२९३.४३	६३.४१	३६.५९
CRM/Gul/W/NCB-03/081-82	गुन्टुङ झर्दी सिस्ने सडक स्तरोन्नती	लायन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., रुरुक्षेत्र-४, धरमपोखरा, गुल्मी	९,२९७,६३९.६३	५,२८१,९००.०८	५६.८१	४३.१९
CRM/Gul/W/NCB-04/081-82	पिप्लेनेटा-दिगम-धरमपानी-मानकोट-गैरीखुट्टा (हार्डिनेटा खण्ड) सडक स्तरोन्नती गरी कालोपत्रे	श्री सानु सेती देवी कन्स्ट्रक्सन, सिनामंगल	११,८३८,४०२.९४	७,९१५,२७८.२९	६६.८६	३३.१४
CRM/Gul/W/NCB-05/081-82	गुल्मी जिल्ला छत्रकोट गाउँपालिका-३ धरमपोखरी रुक्से सडक स्तरोन्नती	पनरोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स	३,०८६,५८३.७७	२,०७५,५०३.३८	६७.२४	३२.७६
CRM/Gul/W/NCB-06/081-82	कोशल पोखरेल स्मृति खेल मैदान निर्माण	श्री आइसा आरती निर्माण सेवा, रुरुक्षेत्र-४, बलेटक्सार, गुल्मी	६,३८१,७९३.५६	४,६९५,४८४.७४	७३.५८	२६.४२
CRM/Gul/W/SQ-08/081-82	गुन्टुङ झर्दी सिस्ने सडक स्तरोन्नती (दोस्रो भाग)	श्री लायन कन्स्ट्रक्सन एण्ड सप्लायर्स, रुरुक्षेत्र-४, गुल्मी	१,९०५,३२४.१३	१,४४२,५४५.१०	७५.७१	२४.२९
CRM/Gul/W/SQ-10/081-82	बिर्बास कोलधारी बरिज्या झर्दी सिस्ने सडक स्तरोन्नती (दोस्रो भाग)	श्री प्रेरणा निर्माण प्रा.लि., छत्रकोट-४, गुल्मी	१,९९९,०२०.२१	१,७२२,३२६.२४	८६.१६	१३.८४
CRM/Gul/W/SQ-11/081-82	बिर्बास कोलधारी बरिज्या झर्दी सिस्ने सडक स्तरोन्नती (तेस्रो भाग)	श्री प्रेरणा निर्माण प्रा.लि., छत्रकोट-४, गुल्मी	१,९९५,५४१.४८	१,८१६,२७९.३८	९१.०२	८.९८
CRM/Gul/W/SQ-12/081-82	लुम्छा सत्मुरे सडक (लुम्छा चौपारी खण्ड) स्तरोन्नती (दोस्रो भाग)	श्री सागर निर्माण सेवा, सन्धिखर्क नगरपालिका-१२, अर्घाखाँची	१,७४२,०४४.०२	१,५२९,३७४.७०	८७.७९	१२.२१
CRM/Gul/W/SQ-13/081-82	लुम्छा सत्मुरे सडक (लुम्छा चौपारी खण्ड) स्तरोन्नती (तेस्रो भाग)	श्री सागर निर्माण सेवा, सन्धिखर्क नगरपालिका-१२, अर्घाखाँची	१,६७७,७९५.०६	१,५३८,९६६.०९	९१.७३	८.२७
जम्मा			**९२,६१८,९३९.९९**	**६२,१२७,६९५.५६**		

४९ **स्वीकृत बजेटभन्दा बढीको लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्ने अधिकतम रकम र समय समेत विचार गर्नुपर्ने व्यवस्था गरेको छ। लागत अनुमान तयार गर्दा विनियोजित बजेटको परिधिभित्र रही बनाउनुपर्दछ। यस गाउँपालिकाले देहाय बमोजिमका सालवसाली योजनामा बजेट भन्दा बढीको लागत

अनुमान बनाएको छ। स्वीकृत बजेटको सीमा भित्र रही लागत अनुमान बनाउने र सडक तथा अन्य निर्माणमा क्रमागत योजनाको हकमा यस भन्दा अगाडि भएको कार्यको सडकको हकमा चेनेज-खुलाउनु पर्ने र अन्यको काम भएको र बाँकी कार्य हुने पहिचानसहित स्पष्ट ठाउँ उल्लेख गरी लागत अनुमान बनाई निर्माण कार्य गर्नुपर्ने देखिन्छ। गाउँपालिकाले ठेक्का व्यवस्थापन भएका अधिकांश सडकहरुमा चेनेज तथा काम गरिने कुनै ठाउँ विशेष खुलाई कार्य गरेको देखिएन।

क्र. स.	योजना	बजेट (हजार)	लागत अनुमान (हजार)
१	लुम्छा सत्मुरे सडक (लुम्छा चौपारी खण्ड) स्तरोन्नती गरी कालोपत्रे मानकमा	३००००	३४१४६
२	गुन्टुङ झर्दी सिस्ने सडक स्तरोन्नती	७५००	९२९७
३	पिप्लेनेटा-दिगम-धरमपानी-मानकोट-गैरीखुट्टा (हार्डिनेटा खण्ड) सडक स्तरोन्नती गरी कालोपत्रे मानकमा	१००००	११८३८
४	गुल्मी जिल्ला छत्रकोट गाउँपालिका-३ धरमपोखरी रुक्से सडक स्तरोन्नती	२५००	३०८६
५	कोशल पोखरेल स्मृति खेल मैदान निर्माण	५०००	६३८१

५० **कार्यक्षेत्रभित्रको कार्यसम्पादनको अभिलेखीकरण**

नेपालको संविधानको धारा ५७ अनुसार संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट भएको र नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम २० मा संघीय मन्त्रालयको कार्य विभाजन, प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले सम्पादन गर्ने पर्ने जिम्मेवारी सम्बन्धी व्यवस्था रहेको छ। कार्यजिम्मेवारीको सम्बन्धमा कार्य विस्तृतीकरण भई विकासका पूर्वाधारको अभिलेख तथा श्रोत नक्साङ्कन भएको छैन। यस पालिकाको कार्यक्षेत्रभित्र एउटै प्रकृतिको सङ्घीय तथा प्रदेश सरकारको संस्थागत संरचना रहेको साथै उस्तै प्रकृतिको (भवन तथा सडक निर्माण) कार्य स्थानीय तहबाट समेत विभिन्न आयोजनाहरु मार्फत सञ्चालन भएको देखिन्छ। संविधान तथा वर्तमान कानून अनुसार सम्पादन गर्नुपर्ने जिम्मेवारीको कार्य क्षेत्राधिकार स्पष्ट बनाइ मितव्ययी रुपमा दोहोरो नपर्नेगरी कार्यसम्पादन हुने अवस्था सुचिश्चित हुनुपर्दछ।

५१ **योजनाको म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेरमात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। तसर्थ सम्झौता अनुसारको समयमा नै कार्य सम्पन्न गराउन निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

५२ **प्राविधिक बिल र कार्य सम्पन्न प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा सरकारी रकमको खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्नको लागि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले ठेक्काबाट, सिलबन्दी दरभाउपत्रबाट, उपभोक्ता समितिहरुबाट र कोटेशनबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कन गरी प्राविधिकले पेस गर्ने मुख्य आधार निर्माण कार्यको ठेक्का बिल, नापी किताब र कार्य स्वीकार प्रतिवेदनमा सम्झौता मिति, कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायत विवरण खुलाएको देखिएन। नापजाँच तथा निर्माणको प्रगति अवस्थालाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

५३ **सडक निर्माण कार्यमा चेनेज नखुलाएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने साथै, निर्माण कार्यको नापी गर्दा चेनेज दोहोरो तथा ओभरल्याप हुन नदिने

व्यवस्था हुनुपर्दछ।यस गाउँपालिकाले देहाय बमोजिमका सालबसाली ८ वटा सडकका योजनाहरु जम्मा ३ स्थानमा कार्यान्वयन गर्दा कहाँदेखि कहाँसम्मको कार्य भएको हो भन्ने स्पष्ट देखिने गरी चेनेज खुलाएको देखिएन। स्वीकृत बजेटको सीमाभित्र रही लागत अनुमान बनाउने र सडक तथा अन्य निर्माणमा क्रमागत योजनाको हकमा समेत यस भन्दा अगाडि भएको कार्यको सडकको हकमा चेनेज-खुलाउनु पर्ने र अन्यको काम भएको र बाँकी कार्य हुने पहिचानसहित स्पष्ट ठाउँ उल्लेख गरी लागत अनुमान बनाई निर्माण कार्य गर्नुपर्ने देखिन्छ। तसर्थ पालिकाले ठेक्का व्यवस्थापन भएका अधिकांश सडकका कार्यहरुमा चेनेज तथा काम गरेको कुनै ठाउँ विशेष खुल्नेगरी कार्य गर्नु गराउनु पर्दछ।

स्थान	ठेक्का नं	योजनाको नाम	निर्माण व्यवसायी	लागत अनुमान रकम	कबोल/सम्झौता रकम
१	CRM/Gul/W/NCB-03/081-82	गुन्टुङ झर्दी सिस्ने सडक स्तरोन्नती	लायन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,	९,२९७,६३९.६३	५,२८१,९००.०८
	CRM/Gul/W/SQ-08/081-82	गुन्टुङ झर्दी सिस्ने सडक स्तरोन्नती (दोस्रो भाग)	श्री लायन कन्स्ट्रक्सन एण्ड सप्लायर्स,	१,९०५,३२४.१३	१,४४२,५४५.१०
२	CRM/Gul/W/NCB-02/081-82	बिर्बास कोलधारी बरिज्या झर्दी सिस्ने सडक (गुन्टुङ पल्लिकोट खण्ड) स्तरोन्नती गरी कालोपत्रे)	नभ उत्कृष्ट/विटेन जे.भी., काठमाडौं	१८,५४८,३९०.७७	११,७६१,२९३.४३
	CRM/Gul/W/SQ-10/081-82	बिर्बास कोलधारी बरिज्या झर्दी सिस्ने सडक स्तरोन्नती (दोस्रो भाग)	श्री प्रेरणा निर्माण प्रा.लि., गुल्मी	१,९९९,०२०.२१	१,७२२,३२६.२४
	CRM/Gul/W/SQ-11/081-82	बिर्बास कोलधारी बरिज्या झर्दी सिस्ने सडक स्तरोन्नती (तेस्रो भाग)	श्री प्रेरणा निर्माण प्रा.लि., गुल्मी	१,९९५,५४१.४८	१,८१६,२७९.३८
३	CRM/Gul/W/NCB-01/081-82	लुम्छा सत्मुरे सडक (लुम्छा चौपारी खण्ड) स्तरोन्नती गरी कालोपत्रे)	श्री सागर निर्माण सेवा, सन्धिखर्क	३४,१४६,४०४.४२	२२,३४८,७४४.१३
	CRM/Gul/W/SQ-12/081-82	लुम्छा सत्मुरे सडक (लुम्छा चौपारी खण्ड) स्तरोन्नती (दोस्रो भाग)	श्री सागर निर्माण सेवा, सन्धिखर्क	१,७४२,०४४.०२	१,५२९,३७४.७०
	CRM/Gul/W/SQ-13/081-82	लुम्छा सत्मुरे सडक (लुम्छा चौपारी खण्ड) स्तरोन्नती (तेस्रो भाग)	श्री सागर निर्माण सेवा, सन्धिखर्क	१,६७७,७९५.०६	१,५३८,९६६.०९

५४ **छत्रकोट जीपलाइन निर्माण योजना**

५४.१ यस पालिकाको वडा नं. ०३ छत्रकोटस्थित छत्रकोट जीपलाइनको निर्माण कार्यका लागी ठेक्का नं ०७।२०८०-८१ बाट रू.१,३७,४५,१७७।६९ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी श्री सानु सेतीदेवी कन्स्ट्क्सनसँग २०८०।१२।१५ मा १५ महिनामा अर्थात २०८२।२।३० सम्म सम्पन्न गर्ने गरी जम्मा रू.८६,७३,१४४।९२ मा सम्झौता भएको देखिन्छ। उक्त कार्यको यो वर्ष तेस्रो तथा अन्तिम रनिङ्ग बिलबाट रू. रू.८६,२६,३६४।६३ अर्थात ९९ प्रतिशतमा सम्पन्न भएको देखिन्छ। उक्त कार्यको मर्मत तथा सुरक्षात्मक प्रबन्धको समयमै उपयुक्त व्यवस्था गरी यसलाई पर्यटकीय क्षेत्रको आम्दानीको एउटा मुख्य स्रोतको रुपमा प्रचारप्रसार गरी अपेक्षित नतिजा हासिल गर्न तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

५४.२ **आइटममा २५ प्रतिशत भन्दा बढी परिमाणको कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क(२) दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिम तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ नियम ३(ग) को लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नुपर्नेमा बाहेक एकपटक स्वीकृत भएको डिङाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अनुमान तथा सम्झौताको परिमाणमा पच्चीस प्रतिशत भन्दा बढी फरक परेमा भेरियसन आदेश जारी गर्नुपर्ने व्यवस्था रहेको छ। छत्रकोट जीपलाइनको निर्माणको श्री सानु सेतीदेवी कन्स्ट्क्सनबाट कार्यको कार्य स्वीकार प्रतिवेदन परीक्षण गर्दा आइटम नं ७ को TMT Reinforcement (e500) मा लागत अनुमानमा २५१७।१६ केजी परिणाम कायम गरेकोमा अन्तिम ठेक्का बिलमा उक्त परिणाम ३२४४।१६ केजी बढेको अर्थात २८.८८ प्रतिशत अर्थात जम्मा रु.९०८७५।०० बढेको देखिन्छ तर पालिकाले यसलाई भेरियसन आदेश स्वीकृत नगरी भुक्तानी गरेकोले त्यसरी बढी भुक्तानी गर्ने कार्य नियमित गर्नुपर्ने रकम रु.

अनियमित भएको	९०,८७५

५४.३ **पूर्वतयारी, सञ्चालन मोडालिटी र कर्मचारी व्यवस्थापनः** यस योजना बनाउने चरणमै पूर्व तयारी, व्यापक जोखिम मूल्याङ्कन, मर्मतसम्भार, लाभ लागत विश्लेषण र स्रोत विश्लेषण गर्नु आवश्यक छ। छत्रकोट जीपलाइनको सञ्चालनको मोडालिटी नियमित सुरक्षा, आम्दानी व्यवस्थापन र पर्यटन प्रवर्धन जस्ता विषयमा उपयुक्त कार्यविधि तथा कार्य योजना तयार गरेको देखिएन । योजना प्रभावकारी र दिगो रूपमा सञ्चालन गर्न उपयुक्त खाका सहितको कार्ययोजना बनाउनु पर्दछ ।

५५ **पूर्वनिर्धारित क्षतिपूर्ति - लुम्छा धरमपानी दिगाम सातमुरे सडक**

NCB 04/2080-81 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्व निर्धारीत क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। यस पालिकाले लुम्छा धरमपानी दिगाम सातमुरे सडक स्तरीन्नती योजनाका लागी रू.१,४५,६५,४८३।२८ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी श्री अग्रगामी निर्माण सेवासँग २०८०।९।१६ मा २० महिनामा अर्थात २०८१।३।१६ सम्म रहेकोमा ३ महिना म्याद थप गरी मिति २०८१।६।१५ मा सम्पन्न गर्ने गरी जम्मा रू.९९,१२,०९९।४८ मा सम्झौता भएकोमा निर्धारित समयभन्दा १७ दिनपछि अर्थात २०८१।७।०२ मा सम्पन्न भएको देखिन्छ। चौथो तथा अन्तिम विलसहित मिति २०८१।७।०२ नापी गरेको र सोही मितिमा कार्य स्वीकार प्रतिवेदन समेत जारी गरेकोले म्याद समाप्त भएको १७ दिन ढिलो गरी कार्यसम्पन्न गरेको कारण सम्झौता रकमको प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशत अर्थात रु.४९५६।०५ का दरले १७ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रु.८४२५२।८५ रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.....

(✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **८४,२५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **पूर्वनिर्धारित क्षतिपूर्ति –गुन्टुङ झेर्दी सिस्ने सडक निर्माण**

NCB 03/2081-82 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। यस पालिकाको वडा नं. ०१ मा गुन्टुङ झेर्दी सिस्ने सडक निर्माण कार्यका लागी रू.९२,९७,६३९।६३ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी श्री लायन कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग २०८१।८।२० देखि २०८१।८।२० देखि सुरु गर्ने गरी जम्मा रू.५२,९१,९००।०८ मा सम्झौता भएको छ। उक्त सम्झौताको म्याद मिति २०८२।२।३१ सम्म रहेकोमा २०८२।३।०७ अर्थात ७ दिनपछि मात्र कार्य सम्पन्न भएको देखिन्छ। अतः ७ दिन ढिलोगरी कार्यसम्पन्न गरेको कार्यालयको भनाइका आधारमा सम्झौता रकमको प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशत अर्थात रु.२६४०।९५ का दरले ७ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रु.१८४८६।६५ रकम असुल गरी संघीय संचित कोषमा राजस्वमा दाखिला गर्नुपर्ने रु.....

(✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१८,४८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **गाउँपालिका प्रशासकीय भवन निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। NCB 01/2080-81 बाट यस छत्रकोट गाउँपालिका प्रशासकीय भवन निर्माण निर्माणको लागि लागत अनुमान रु.१२,०५,२५,४९८।३० को योजना स्वीकृत गरी गाउँपालिका प्रशासकीय भवनको २४ महिनाभित्र निर्माण सम्पन्न गरिसक्ने गरी २०८०।

०८।०८ मा श्री अम्बे माँ बलदेब जे.भी.सँग रु.९,११,०२,९७८।६१ मा सम्झौता गरी सम्पन्न गर्नुपर्ने मिति २०८२।०८।०८ सम्म सक्नेगरी सम्झौता भएको देखिन्छ। सम्झौता अनुसार निर्माण व्यावसायीले निर्माण कार्य २०८२।३।३२ सम्म रु.७,१८,१५,१४२।५१ अर्थात ७८ प्रतिशत भुक्तानी भएकोमा ८० प्रतिशत भौतिक प्रगतिको कार्य भएको देखिन्छ। उक्त कार्यको म्याद थपसहित २०८२।०८।०८ सम्म मात्र रहेकोमा हाल करिब २० प्रतिशतभन्दा बढी कार्य बाँकी रहेको देखिन्छ। अतः गाउँपालिका प्रशासकीय भवनको निर्माणको सम्झौता अनुसार गुणस्तरीय कार्यको सुनिश्चिततासहित समयमै आयोजना सम्पन्न गर्नु पर्दछ।

५८ **खर्ज्याङ स्वास्थ्य चौकी भवन निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिका अन्तर्गतको खर्ज्याङ स्वास्थ्य चौकीको निर्माणको लागि लागत अनुमान रु.२,२४,३६,२४४।१६ को योजना स्वीकृत गरी स्वास्थ्य चौकीको भवन निर्माण गर्न मिति २०८०।१२।२७ मा श्री चारुमति सितारा जे.भी.सँग रु. १,५८,८३,४८३।९८ मा सम्झौता गरी सम्पन्न गर्नुपर्ने मिति २०८२।३।२७ सम्म भएकोमा ४ महिना म्याद थप गरी २०८२।७।२७ सम्म सक्नेगरी सम्झौता भएको थियो तर हाल २७ महिनासम्म पनि कार्यसम्पन्न हुन सकेको छैन। सम्झौता अनुसार निर्माण व्यावसायीलाई निर्माण कार्य वापत लेखापरीक्षण अवधिसम्म रु.१,०९,३२,७१२।९२ अर्थात ६९ प्रतिशत भुक्तानी भएकोमा ८० प्रतिशतमात्र भौतिक प्रगति हासिल भएको देखिन्छ। उक्त कार्यको म्याद थपसहित २०८२।७।२७ सम्म सम्पन्न गर्नुपर्ने अवधि रहेकोमा हाल १५ प्रतिशत समय बाँकी रहदा २० प्रतिशतभन्दा बढी निर्माण कार्य बाँकी रहेको देखिन्छ। अतः खर्ज्याङ स्वास्थ्य चौकीको भवन निर्माणको सम्झौता अनुसार गुणस्तरीय कार्यको सुनिश्चिततासहित समयमै आयोजना सम्पन्न गरी स्वास्थ्य सेवा प्रवाह हुनुपर्दछ।

५९ **दोहोरो परिमाणको भुक्तानीः लुम्छा सातमुरे सडक स्तरीन्नती योजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा सरकारी रकमको खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्नको लागि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले ठक्का नं NCB 01/2081-82 लुम्छा सातमुरे सडक स्तरीन्नती योजनाका लागी रू.३,४१,४६,४०६।१२ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी श्री सागर निर्माण सेवासँग २०८१।८।४ मा ६ महिनामा अर्थात २०८२।२।३० सम्म सम्पन्न गर्ने गरी जम्मा रू.२,२३,४८,७४४।१३ मा सम्झौता भएकोमा २०८२।२।२७ मा सम्पन्न भएको देखिन्छ। उक्त कार्यको दोस्रो रनिङ बिलबाट भुक्तानी भइसकेको आइटम नं ०४ को उक्त परिणाम पुनः तेस्रो विलबाट पनि भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको १९.३९ परिमाणको प्लम कन्क्रिटको काम रु.७८००।०० का दरले रु. १,२७,८४२।०० असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.....

आइटम ४	Plum Concrete- M15					
चेनेज	**दोस्रो बिलबाट भुक्तानी**	**तेस्रो बिलबाट पनि भुक्तानी**	**फरक/दोहोरो**	**दर**	**दोहोरो रकम (मू.अ. कर बाहेक)**	
०+१६०	९.२५	९.२५	९.२५			
०+२४०	७.१४	७.१४	७.१४			
			१६.३९	७८००।००	१,२७,८४२।००	
				जम्मा रकम	**१,२७,८४२।००**	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१२७,८४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६० **अनुगमन मूल्यांकन खर्च**

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । उक्त ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न मितिमा योजनाहरुको अनुगमन गरे वापत

अनुगमन समितिका पदाधिकारीलाई भत्ता वापत रू.४,३६,३११। भुक्तानी गरेको छ । सेवा सुविधा सम्बन्धी ऐनको उक्त प्रावधान विपरित भएको खर्च उचित देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

६१ **व्यक्तिको नाममा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी हुनु पर्नेमा सो नगरी निम्न व्यक्ति तथा कर्मचारीहरुको नाममा एकमुष्ट भुक्तानी खर्च लेखी विल भरपाई पेश भएको छ। यसरी भुक्तानी भएको रकम सम्बन्धितले पाए नपाएको तथा जुन कार्यको लागि भुक्तानी लिएको हो सो कार्यमा प्रयोग भएको हो भनि यकिन गर्न सकिएन। यस तर्फ पालिकाले सुधार गर्नु पर्दछ। यसका केही उदाहरणहरुः

भौ नं. मिति	कार्यक्रम	भुक्तानी लिने	रकम रु.
६२७।२०८१।११।६	अध्यक्षकपको भुक्तानी	टिकाराम आचार्य	८५००००
६२५।२०८१।११।६	राष्ट्रपती रिनङ्गिशल्डकायक्रमको रकम भु.	टिकाराम आचार्य	७९१८९०
१४८३।२०८२।३।२५	मृगौला प्रत्यारोपण, डायलोसिस, क्यान्सर, गम्भिर मुटुरोगी मासिक १ हजारको दरले उपलब्ध गराईने रकम श्याम सुन्दर पोखरेललाई पेस्की दिई खर्च गरेको ।	श्याम सुन्दर पोखरेल	७२००००
जम्मा रकम			**२३,६१,८९०**

६२ **अनुदानको अनुगमन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम, अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण लगायतका विवरण समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ। लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परीक्षण गर्दा देहायका फर्म तथा कृषकलाई अनुदान वितरण गरेकोमा उक्त अनुदान सम्झौताको अधिनमा रही तोकिए बमोजिम स्पेसिफिकेसनको सामाग्री खरिद गरे नगरेको, वितरण कार्यक्रमहरूको उद्देश्य अनुरुप सञ्चालन भए नभएको अनुदान प्राप्त गर्ने संस्था र व्यक्तिले अनुदानको उचित उपयोग गरे नगरेको, सञ्चालित पेशा, व्यवसाय, क्रियाकलापलाई सम्झौता अनुसार निरन्तरता दिए नदिएको, लक्ष्य अनुसार उपलब्धी हासिल भए नभएको सन्दर्भमा अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार नगरेको तथा सञ्चालित कार्यक्रम, लाभग्राही विवरण वेभसाईटमा समावेश गरेको देखिएन। यसको अभावमा अनुदानको दक्षतापूर्ण प्रयोग, लाभग्राहीले अन्य निकायबाट समेत अनुदान प्राप्त गरे नगरेको सम्बन्धमा आश्वस्त हुन सकिएन । तसर्थ, अनुदानबाट सञ्चालित कार्यक्रम अनुगमन र मूल्याङ्कन गरी अनुदानको पूर्ण उपयोग गर्नेतर्फ कार्यालयले ध्यानदिनुपर्दछ । केही उदाहरणहरूः

गोश्वारा भौचर र मिति	कार्यक्रम	विवरण	भुक्तानी रू.
८४८।२०८२।१।९	गाउँपालिका चालुतर्फ उखु प्रवर्धन कार्यक्रम बिउ वितरण	विभिन्न कृषकहरुलाई	**९,७४,८५५**
१।२०८२।३।२२	औद्योगिक लगानी प्रवर्धन कार्यक्रमतर्फ	दिगामे उखु, खुदो तथा गुड उद्योग	**६,३७,३८८**
		गाउँले ग्रुप अफ ईन्डष्ट्रिज प्रालि	**२,९५,१८१**

६३ **विविध खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टी गर्ने बील, भरपाई, प्रमाण कागजात संलग्न गर्नुपर्ने, भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने, सरकारी सम्पत्ति हानिनोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न मितिमा खाना नास्ता पानी चिया तथा विविध खर्च शीर्षकमा रकम रू.८,३८,२७५। भुक्तानी गर्दा कुन प्रयोजनको लागि तथा के कार्यक्रमको लागि खर्च लेखिएको हो सो विषय

नखुलाई एकमुष्ट विविध खर्च शीर्षकमा रकम भुक्तानी गरेको देखिन्छ । तसर्थ यस्तो प्रयोजन र कार्यक्रम नखुलाई विविध शीर्षकमा खर्च लेख्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

६४ **नगदमा आर्थिक सहायता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ४०(४) बमोजिम सबै प्रकारको नगद वा वस्तुगत आर्थिक सहायता दिँदा सम्बन्धित व्यक्ति वा संस्थाको बैङ्क खातामा जम्मा हुने गरी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले विपन्न, असहाय व्यक्तिहरुको निवेदन, वडा कार्यालयको सिफारिस, पालिका अध्यक्षको तोकादेश तथा कार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता प्रदान गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा नमूना छनोट गरी परीक्षण गर्दा देहायका भौचरबाट कर्मचारीले तोकादेसको आधारमा नगद भुक्तानी दिई, भरपाई पेस गरी सहायता रकम सोधभर्ना लिएको देखियो। सम्बन्धित व्यक्तिको बैंक खातामा भुक्तानी गरेको देखिन नआएकोले लाभग्राहीले प्राप्त गरे नगरेको सम्बन्धमा यकिन गर्न सकिएन। अतः नियममा भएको व्यवस्था बमोजिम सम्बन्धित व्यक्तिको बैङ्क खाता मार्फत भुक्तानी दिनुपर्दछ। केही उदाहारणहरूः

गो.भौ र मिति	विवरण	रकमरू.
४४९।२०८१।९।१७	वडासचिबमार्फत सहायता वितरण	६५०००
८७९।२०८२।१।२१		१७०००
९८२।२०८२।२।१६		७०००
१२८९।२०८२।३।१८		२५०००

६५ **वडा कार्यालय प्रशासनिक खर्च**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७४(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता,कार्यदक्षता,प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले वडा नं.१ देखि ६ सम्मका वडा कार्यालयको कार्यालय संचालन गर्न प्रशासनिक खर्चको रुपमा विभिन्न शीर्षकमा रकम विनियोजन गरी कुल खर्च रू.११,९१,००० खर्च गरेको छ । पालिकाले प्रशासनिक खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यक्षमता, प्रभावकारिता र औचित्य कायम हुने गरी खर्च गर्नेतर्फ ध्यानदिनुपर्दछ ।

६६ **वित्तीय समानीकरणबाट चालु खर्च**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकार, अर्थमन्त्रालयको च.नं. १२१ मिति २०७८।३।२७ को पत्रबाट वित्तीय समानीकरणको अनुदान रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न नमिल्ने र स्थानीय सरकारले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक राजश्व तथा राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट मात्र व्यहोर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष विभिन्न विद्यालयहरुको शिक्षकको तलब, सहयोगी, विद्यालय सहायक कर्मचारीको पारिश्रमिक लगायतका विभिन्न चालु तर्फका खर्च शीर्षकमा रू.१,६८,४५३६७। खर्च लेखेको छ । तर पालिकाले सो ऐन तथा अर्थ मन्त्रालयको परिपत्र विपरित वित्तीय समानीकरणको रकमवाट बजेट बाँडफाँट गर्दा नै प्रशासनिक खर्च (चालु) तर्फ रकम विनियोजन गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा नेपाल सरकार अर्थमन्त्रालयको परिपत्र बमोजिम वित्तीय समानीकरणबाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग नहुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।

६७ **उत्पादनमा आधारित अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १०२ को अधिकार प्रयोग गरी पालिकाले उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१ तयार उखु, सुन्तला र तरकारीमा को उत्पादनमा आधारित अनुदान मापदण्ड अनुसार यो वर्ष रू.३१,८७,८६४ विभिन्न कृषक तथा फर्मलाई भुक्तानी गरेको देखिन्छ। कार्यविधिको बुँदा ६ मा गाउँपालिकाबाट छनोट भएको सहकारी संस्था, कृषक, कम्पनीले अनुसूची-१० बमोजिमको ढाँचामा बिक्री अभिलेख पेस गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कृषकले उत्पादन र बिक्रीको दैनिक लेखाजोखा कृषक स्वयंले समेत राख्नुपर्ने तथा सहकारीले संकलित उत्पादनको अनलाईन रेकर्डिङ प्रणालीबाट व्यवस्थित र पारदर्शी अभिलेखिकरण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै, अनुसूची-७ मा उपाध्यक्षको संयोजकत्वमा कृषि उपज संकलन तथा मूल्य अनुगमन समितिको व्यवस्था

गरी अनुदान कार्यक्रमलाई प्रभावकारी बनाउन कानुनी प्रबन्ध गरेको छ। पालिकाले उत्पादित सामाग्रीको अभिलेखिकरणको लागि अनलाईन रेकर्डिङ प्रणालीको पूर्ण उपयोग नगरेको, कृषकले दैनिक बिक्री अभिलेख पेस नगरेको, अनुगमन समितिले उत्पादित बस्तुको परिमाण यकिन गर्दा लिएको आधार स्पष्ट पेस नगरेकोले उत्पादनको परिमाण यकिन गर्न नसकिएकोले पालिकाले कानुनमा व्यवस्था भए बमोजिम उत्पादनको अभिलेखिकरण गरी अनुदान प्रदान गर्नुपर्दछ ।

६८ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्युत महसुल, थर्मस वितरण लगायतका कार्य गरेको देखिन्छ । यस्तो किसिमको अनुदान वितरण तथा खर्चले नागरिकको जीवनस्तर सुधार तथा उत्पादन तथा उत्पादकत्व वृद्धिमा सघाउ पुर्याउने देखिँदैन । तसर्थ उत्पादनमुलक तथा छिटो प्रतिफल दिने किसिमको योजना छनोट गरी कार्यान्वियन गर्नुपर्दछ । केही उदाहरणहरु

भौचर नं. र मिति	**कार्यक्रमको विवरण**	**भुक्तानी रू.**
८३६।२०८१।१।९	जेष्ठ नागरिकलाई थर्मस वितरण ४०० थान	४,८७,१९७
१७३।२०८१।७।६	विद्युत महशुलमा अनुदान, ४९९३ ग्राहकको मासिक रू.३० को दरले ६ महिनाको रकम	८,९८,७४०
८७५।२०८२।१।२१	विद्युत महशुलमा अनुदान	९,०३,६००

(..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

६९ **बैठक भत्ता खर्च**

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०८१ को बुँदा ४५ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गाम्भिर्यता एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष कर्मचारी तथा पदाधिकारीलाई रू.९,२१,६६५। बैठक भत्ता खर्च लेखांकन गरेको छ । कार्यालयले एउटै निकायको पदाधिकारी तथा कर्मचारीलाई कार्यालय समय भन्दा अघि पछि वैठक वसेको जनाई निर्णय पेश गरी बैठक भत्ता भुक्तानी दिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

७० **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था रहेको छ । साथै सोही ऐनको दफा ८६ (२) मा संघीय कानूनको अधिनमा रही स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । कार्यालयले कार्यपालिकाको निर्णयको आधारमा यो वर्ष रू.३,५६,३६५ प्रोत्साहन भत्ता खर्च गरेको देखिन्छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च मितव्ययी हुनु पर्दछ ।

७१ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू.१,९६,७२,९९१। र पालिकाकातर्फ रू.२,३८,६५,४४८। समेत जम्मा रू. ४,३५,३८,४३९। खर्च लेखेको छ । त्यस्तै, शिक्षातर्फ रू.१४,०९,८६,१५०। तलब भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा तलवी प्रतिवेदन पेस हुन नआएकोले ग्रेड यकिन गर्न सकिएन। तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता तथा ग्रेड भुक्तानी हुन सक्ने तथा

भुक्तानी गरेको ग्रेड रकमको यथार्थताका सम्वन्धमा आश्वस्त हुन सकिएन । तसर्थ तलवी प्रतिवेदन पारित गराएर तलव भत्ता भुक्तानी गर्नुपर्दछ ।

७२ **शिक्षा कार्यक्रम**

७२.१ **एसईई परीक्षा उत्तीर्ण:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) मा आधारभूत तथा माध्यामिक शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारभित्र समावेश गरेको देखिन्छ । गाउँपालिका भित्र ७ वटा माध्यमिक विद्यालयबाट एसईईमा २२३ विद्यार्थि सहभागि भएकोमा १५८ जना विद्यार्थि उत्तीर्ण भएका छन। यो पालिकाबाट गत वर्ष ५९ प्रतिशत विद्यार्थि उत्रिर्ण भएकोमा यो वर्ष ७१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिएको छ। पालिका भित्रको शिक्षामा सुधारको कदम चाल्दै उत्तीर्ण प्रतिशतमा सुधार ल्याउन जोड दिनुपर्दछ।

क्र. सं.	**विद्यालयको नाम**	**२०८०**			**२०८१**		
		विद्यार्थी संख्या	**उत्तिर्ण संख्या**	**प्रतिशत**	**विद्यार्थी संख्या**	**उत्तिर्ण संख्या**	**प्रतिशत**
१	श्री जन जागृती मा. वि., छत्रकोट-१	३०	२२	७३	३५	३०	८५
२	श्री जन ज्योति मा. वि., छत्रकोट-२	२७	१५	५६	२९	२६	९०
३	श्री सरस्वती मा. वि., छत्रकोट-३	२३	९	३९	२५	१२	४८
४	श्री मैनडाँडा मा. वि., छत्रकोट-३	२५	२३	९२	३३	२९	८८
५	श्री श्रृङ्गा जनता मा. वि., छत्रकोट-४	२१	१८	८६	२०	१७	८५
६	श्री आदर्श मा. वि., छत्रकोट-४	४९	३२	६५	२४	१६	६७
७	श्री आत्मबोध मा. वि., छत्रकोट-५	६६	२६	३९	२३	१०	४४
८	श्री नेपाल राष्ट्रिय मा. वि., छत्रकोट-६	२०	८	४०	२७	११	४१
९	श्री जन मा. वि., छत्रकोट-५	१२	८	६७	७	७	१००
जम्मा		**२७३**	**१६१**	**५९**	**२२३**	**१५८**	**७१**

७२.२ **शिक्षक विद्यार्थी अनुपात:** शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० हुनुपर्ने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी तथा विद्यालयगत विद्यार्थी संख्याको विवरण अनुसार पहाडी जिल्लामा प्रति कक्षा ४५ जना विद्यार्थी हुनुपर्नेमा ४२ विद्यालय मध्ये २१ विद्यालयमा कुल विद्यार्थी ४५ भन्दा कम रहेको पाईयो । जसमध्ये १५ विद्यालयमा १० जना भन्दा कम विद्यार्थी रहेका छन्। यस गाउँपालिकाका भित्रका विद्यालयहरुमा शिक्षकको दरवन्दी र विद्यार्थी संख्या निम्नानुसार रहेको छ। पालिकाले विद्यालयगत विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गरी विद्यालय संचालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

क्र.स.	विद्यालयकोनाम विवरण	दरवन्दी	पदपुर्ती	अनुदान	राहत	पदपुर्तिमध्ये करार	विद्यार्थीसंख्या	शिक्षकविद्यार्थी अनुपात
१	श्री आदर्शआधारभूत विद्यालय, छत्रकोट- ६	९	९		३	३	९६	११
२	श्री आदर्शमाध्यमिक विद्यालय, छत्रकोट-४	१९	१९	२		४	३३२	१७
३	श्री आलमबाल विकास केन्द्र, छत्रकोट -६	१	१			१	६	६
४	श्रीआत्मबोध माध्यमिक विद्यालय, छत्रकोट-५	२८	२८	२		९	३१८	११
५	श्री बालज्योति बाल विकास केन्द्र	१	१			१	८	८
६	श्री भगवतिआधारभूत विद्यालय, छत्रकोट,४	१	१			१	१९	१०
७	श्री भानुबाल विकास केन्द्र, छत्रकोट-३	१	१			१	५	५
८	श्री वि पिस्मृति आधारभूत विद्यालय, छत्रकोट-५	४	४		३		९१	२३
९	श्रीबुद्धि विनोद आधारभूत विद्याय, छत्रकोट-१	२	२				२९	१५
१०	श्रीचण्डिदेवि आधारभूत विद्यालय, छत्रकोट-३	९	९	२			१२५	१४
११	श्रीदौघाहरि आधारभूत विद्यालय, छत्रकोट-६	६	६			१	८५	१४
१२	श्रीदेविस्थान आधारभूत विद्यालय, छत्रकोट-३	४	४				६७	१७
१३	श्रीदेविस्थान आधारभूत विद्यालय, छत्रकोट-१	४	४		२	१	६०	१५
१४	श्रीजनचेतना बाल विकास केन्द्र, छत्रकोट-१	१	१			१	५	५
१५	श्रीजनजागृति बाल विकास केन्द्र, छत्रकोट-२	१	१			१	८	८
१६	श्रीजनजागृति माध्यमिक विद्यालय, छत्रकोट-१	१८	१८	२			३१५	१८
१७	श्रीजनज्योति माध्यमिक विद्यालय, छत्रकोट-२	१५	१५	१	२		२६८	१८
१८	श्री जनमाध्यमिक विद्यालय, छत्रकोट-५	१४	१४	२	१		२७०	१९
१९	श्रीजनशिक्षा आधारभूत विद्यालय, छत्रकोट-३	२	२		१		२५	१३
२०	श्री जनताबाल विकास केन्द्र, छत्रकोट-२	१	१			१	७	७
२१	श्री जनताबाल विकास केन्द्र, छत्रकोट-५	१	१			१	९	९
२२	श्रीझेर्दि आधारभूत विद्यालय, छत्रकोट-१	१०	१०	१	२	२	९०	९
२३	श्रीज्योति आधारभूत विद्यालय, छत्रकोट-५	२	२		१		३६	१८
२४	श्रीकालिका बाल विकास केन्द्र, छत्रकोट-६	१	१			१	१०	१०
२५	श्री काउलेआधारभूत विद्यालय, छत्रकोट-६	१	१				२८	२८
२६	श्री कृष्णआधारभूत विद्यालय, छत्रकोट-५	३	३				५५	१८
२७	श्रीलक्ष्मी आधारभूत विद्यालय, छत्रकोट-४	६	६			१	५०	८
२८	श्रीमैनडाँडा माध्यमिक विद्यालय, छत्रकोट-३	१८	१८	२	३		३१५	१८
२९	श्री नेपालराष्ट्रिय माधायमिक विद्यालय, छत्रकोट-६	१५	१५		६		२६४	१८
३०	श्रीपिपलपोखरा बाल विकास केन्द्र, छत्रकोट-१	१	१			१	७	७
३१	श्रीपिपलडाँडा बाल विकास केन्द्र, छत्रकोट-२	१	१			१	१०	१०

३२	श्रीप्रगति आधारभूत विद्यालय, छत्रकोट-६	१	१			१	१६	१६
३३	श्रीसरस्वति बाल विकास केन्द्र, छत्रकोट-४	१	१			१	९	९
३४	श्रीसरस्वति बाल विकास केन्द्र, छत्रकोट-५	१	१			१	७	७
३५	श्रीसरस्वती बोहा आधारभूत विद्यालय, छत्रकोट-४	९	९	३		२	७८	९
३६	श्रीसरस्वती माध्यमिक विद्यालय, छत्रकोट-३	१४	१४		३		२३२	१७
३७	श्रीश्रृङ्गा जनता माध्यमिक विद्यालय, छत्रकोट-४	२०	२०	२	३		२७२	१४
३८	श्री ठूलापोखरा आधारभूत विद्यालय, छत्रकोट-२	१	१		१		२४	२४
३९	श्रीसरस्वती बाल विकास केन्द्र, बासखर्क	१	१			१	८	८
४०	श्रीविद्या मन्दिर बाल विकास केन्द्र, छत्रकोट-४	१	१			१	५	५
४१	श्री भगवतिबाल विकास केन्द्र, छत्रकोट-३	१	१			१	७	७
४२	श्रीखड्गदेवि बाल विकास केन्द्र, छत्रकोट-३	१	१			१	८	८

७२.३ **सामुदायिक सिकाई केन्द्र:** शिक्षा कार्यक्रम कार्यान्विय पुस्तिका, २०८१।८२ को २.७.१३.११ को वुदा नं ६.७ मा सामुदायिक सिकाई केन्द्रले गरेका नियमित कार्यको प्रतिवेदन स्थानीय तह मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौपचारीक तथा बैकल्पिक शिक्षा शाखामा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष निम्नानुसार सिकाई केन्द्रलाई अनुदान निकासा दिएकोमा केन्द्रको प्रगति प्रतिवेदन तयार गरेको छैन। केन्द्रले गरेको नियमित कार्यक्रमको प्रतिवेदन पेश गर्नुपर्दछ।

क्र.स	सिकाई केन्द्र	तलव भुक्तानी
१	कल्पवृक्ष महिला सामुदायिक सिकाई केन्द्र	१५७०००
२	ज्ञानोदय सामुदायिक सिकाई केन्द्र	१५७०००
३	पल्लीकोट सामुदायिक सिकाई केन्द्र	१५७०००
४	सामुदायिक अध्ययन केन्द्र	१५७०००
	जम्मा	६२८०००

७२.४ **प्रारम्भिक बालविकास सहजकर्ता:** प्रारम्भिक बालबिकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका, २०६१ को नियम ८ अनुसार दिनको ४ घण्टा कक्षा संचालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जना सम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ। विद्यालयमा २५ जना बालबालिका वरावर १ सहजकर्ता राख्नुपर्नेमा २५ भन्दा कम भएको विद्यालयमा पनि १ भन्दा बढी सहजकर्ता राखेको पाईयो। गाउँपालिकाले आदर्श माध्यमिक विद्यालयमा १५ जना वाल विकास विद्यार्थी अध्ययनरत रहेकोमा २ जना सहजकर्तालाई रु.४४२०००। भुक्तानी दिएको छ। गाउँपलिकाले निर्देशिका अनुसार बाल विकास विद्यार्थी संख्याको आधारमा सहजकर्ता संख्या मिलान गर्नुपर्दछ।

७२.५ **लेखापरीक्षण प्रतिवेदेन:** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप २.७.१३.१०को वुदा नं ५.४ मा स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनुपुर्व नै विद्यालयले लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका ६ विद्यालयले आर्थिक वर्ष २०८१।८२ को अन्तिम लेखापरीक्षणको अवधि सम्म आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन। आर्थिक वर्ष २०८०।८१ भित्रनै लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा पेश गर्नुपर्नेमा गत वर्षको प्रतिवेदन पेश नगर्ने निम्नानुसार विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.......

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७२.६ **सेनिटरी प्याड:-** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।सेनिटरी प्याड प्रयोग गर्ने छात्राको संख्या ८६९ जना रहेका छन।यस वर्ष पालिकाले एस.एल इन्टरप्राईजेजबाट ११००० प्याकेट प्याड खरिद गरी रु.९९४४००। भुक्तानी दिएको छ। गत वर्षको खपतलाई आधारमानी आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्ने, खरिद गरेको प्याडको गुणस्तर परीक्षण गर्ने र कार्यविधिले तोकेको व्यवस्था अनुसार गुणस्तरिय प्याड वितरण गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

७२.७ **दिवा खाजा:** शिक्षा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप २.७.११.१ मा दिवा खाजा कार्यक्रम संचालनको लागि स्थानीय तहभित्र एकरुपता कायम हुने गरी खाजा मेनु तयार गर्ने, विद्यार्थीको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउँदा गाउँपालिकाले दिवा खाजा संचालन कार्यविधि, २०७७ को २३ (ख) मा विद्यालयमा खाजा मेनु तोक्ने, दिवा खाजा कार्यक्रमको समिक्षा गर्ने, प्रभावकारीताको अनुगमन गर्ने र विद्यालयले अनुसुचीको व्यवस्था अनुसार खाजा मेनु निर्धारण गरेर मेनु अनुसार खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने व्यवस्था छ। गाउँपालकिकाले विद्यालयबाट प्राप्त चौमासिक निकासा माग पत्र र विद्यार्थीको भरपाई पेश गरेको आधारमा ४२ विद्यालयका २३५७ विद्यार्थीलाई रु.५६०२१८५। निकासा दिएको छ। विद्यार्थीलाई रकम बुझाएको हस्ते भरपाईको आधारमा भुक्तानी दिएको देखियो साथै पालिकाले निकासा दिएको विद्यार्थी संख्यालाई EMIS विवरणसँग सत्यापन गरेको छैन। पालिकाले उपस्थित भएको दिनको हिसाबले खर्च गरेको र विद्यार्थीलाई खाजा कार्यक्रम संचालन गरेको प्रमाणित विल भरपाई तथा स्रेस्ता अद्यावधिक गरेको छैन । कार्यक्रम कार्यान्वियन पुस्तिका र कार्यविधिको व्यवस्था अनुसार दिवा खाजा कार्यक्रम संचालन गर्ने, विद्यालयबाट माग भएको संख्यालाई EMIS विवरण सँग सत्यापन गर्ने तथा सोको अनुगमन प्रतिवेदन समेत तयार गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

७२.८ **भवन निर्माण:** शिक्षा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२को क्रियाकलाप नं ११.१.२.२९८६ को वुदा नं १८.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, बुदा नं १८.२ मा भवन निर्माणको लागि स्थानीय तहले लगानी थप गरी लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ। पालिकाले बिद्यालयसँग सम्झौता गरेपश्चात कुल अनुदानको ३० प्रतिशत पहिलो किस्ता निकासा दिने, Structure Part को कार्य सम्पन्न भएपश्चात कुल अनुदानको ५० प्रतिशत निकासा दिने र कार्यसम्पन्न गरे पश्चात नापी किताव तयार गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम किस्ताको रुपमा बाँकी २० प्रतिशत निकासा दिने व्यवस्था छ।स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले आत्मवोध माध्यमिक विद्यालयको स्कुल होस्टल विल्डिङ निर्माणको लागि १ करोड बजेट प्राप्त भएकोमा रु.९७३४५०६। को लागत अनुमान स्वीकृत गरी सम्झौता गरेको देखिन्छ। जसमा स्थानीय तहको लागत सहभागिता भएको छैन। विद्यालयले प्रथम रनिङ्ग विल बापत रु.४७३८७९६।

भुक्तानी दिएको छ। आर्थिक बर्षको अन्त्य सम्म कार्य सम्पन्न नभएकाले सम्झौता अनुसारको बाँकी रकम रु.४५३७७४६। विद्यालयको खातामा निकासा दिई खाता रोक्का राखेको छ। सम्झौता अनुसारको कार्यसम्पन्न गरी स्रेस्ता पेश गर्नुपर्ने रु…

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४,५३७,७४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७२.९ **विद्यालय निकासा:** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को वित्तीय व्यवस्थापन सम्बन्धी निर्देशिकाको वुँदा नं १३ मा विद्यायमा हुने खरिद प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, खरिद ऐन, नियमावलीको अधिनमा रहि गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार विद्यालयलाई दिएको निकासा दिएको रकमको ऐन, नियमावलीको व्यवस्था अनुसार खर्च गरेको खर्च विवरण बिल भरपाई समेतको स्रेस्ता पेश गर्नुपर्ने रु.....

क्र.स	विद्यालयको नाम	विवरण	रकम
१	चण्डिदेवी आधारभुत विद्यालय छत्रकोट ३	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	२०००००
२	जनजागृति मा वि छत्रकोट १	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	२०००००
३	आदर्श मा वि दिगाम छत्रकोट ४	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	२०००००
४	जन माध्यमिक विद्यालय छत्रकोट ५	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	५००००
५	जन माध्यमिक विद्यालय छत्रकोट ५	प्रोत्साह अनुदान	३०००००
६	आत्मवोध माद्यमिक विद्यालय छत्रकोट ५	प्रोत्साह अनुदान	२०००००
७	आत्मवोध माद्यमिक विद्यालय छत्रकोट ५	ल्याव सामग्री अनुदान	२०००००
	जम्मा		१३५०००००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७३ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली, २०७६ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान अनुसार सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउनु पर्दछ । नेपाल सरकारबाट पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि प्राप्त रु.१३,८२,९०,२८४।सवै वितरणखर्च देखाएको छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वडागत तथा लाभग्राहीको वर्गिकरण अनुसारको विवरण देहाय बमोजिम रहेको छ । कार्यालयले वैंक खाता सक्रिय भए भए नभएको तथा लाभग्राहीको मृत्यु, अन्यत्र बसाईसराई वा लाभग्राहीबाट हटेको कारणले वैंक मौज्दात रहे नरहेको यकिन गर्न वैंकमा पत्राचार गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अभिलेख पद्धति व्यवस्थित गरी सो सम्वन्धमा निरन्तर अनुगमन गर्नुपर्छ ।

वडागत आधारमा

वडा नं.	प्रथमत्रैमासिक	दोस्रोत्रैमासिक	तेस्रोत्रैमासिक	चौथोत्रैमासिक	जम्मारकम
१	५७०८१५१	५७१०६६२	५७४०६४६	५७३०६४६	२२८९०१०५
२	३९८७३८५	४०३१०७५	४०२०७९२	४००८८०७	१६०४८०५९
३	७३५०३४०	७४००४६०	७५००२८४	७५५०९९९	२९८०२०८३
४	८००१४५१	८०२०८३२	८०३०७७९	८०६०९९५	३२११४०५७
५	४६२०७५३	४७४०२९३	४८३०२६५	४९९०६२६	१९१८१९३७
६	४५१०११४	४५३०२३२	४६७८२६६	४५३५४३१	१८२५४०४३
जम्मा	**३४१७८१९४**	**३४४३३५५४**	**३४८०१०३२**	**३४८७७५०४**	**१३,८२,९०,२८४**

लाभग्राहीअनुसार

लाभग्राहीको प्रकार	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		जम्मा खर्च रकम
	संख्या	खर्चरकम	संख्या	खर्चरकम	संख्या	खर्चरकम	संख्या	खर्चरकम	
अन्यजेष्ठनागरिकभत्ता	२०१२	२३८५०४९३	२०३४	२४०५९८४४	२०३७	२४२१६९०६	२०६३	२४३७१५६१	९६४९८८०४
जेष्ठदलित	२२७	१८०३४८०	२३४	१८३६५४४	२४०	१९०१९००	२३५	१८५४०२०	७३८६९४४
एकलमहिला	२६७	२१३०६६०	२६३	२०९३४२०	२५९	२०४४१६०	२४०	१९६३०८०	८२३१३२०
विधवा	५२५	४१६८८६०	५३६	४२३०३८०	५४०	४२८११९०	५५४	४३८८७५१	१७०६९१८१
पूर्णअपाङ्ग	७६	८८७३२५	७४	८७८४८८	७३	८७३६८१	७२	८६१८४०	३५०१३३४
अतिअशक्तअपाङ्ग	१३३	८३८४३२	१४०	८६६०९६	१४५	९११६६९	१४५	९२३५५२	३५३९७४९
दलितबालबालिका	३२७	४९००२४	३३७	५१६७८२	३३५	५२३४९७	३४३	५३२६४९	२०६२९५२
जम्मा									**१३,८२,९०,२८४।**

७४ **स्वास्थ्य कार्यक्रम**

७४.१ **औषधि खरिदः** पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिमाण तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिमाण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। पालिकाले यो वर्ष विशेष अनुदान शिर्षकबाट रु.२० लाख संघीय शसर्त चालु कार्यक्रमबाट रु.१४ लाख ४७ हजार गरी कुल र.३४४७५५३। को औषधि खरिद बापत भुक्तानी दिएको छ । कार्यालयले औषधि खरिद गर्दा आवश्यकता पहिचान औषधिको वार्षिक आवश्यकताको परिमाण तयार गरी पुल सिस्टमको आधारमा गरेको देखिएन। पालिकाले खरिद गरेको औषधिमा पुर्णरुपमा नि:शुल्क वितरणको ट्याग प्रयोग गरेको छैन। खरिद गरेको औषधिको गुणस्तर परिक्षण, नि:शुल्क वितरणको ट्याग प्रयोग तथा निकासा तथा खर्चको आधारमा हस्तान्तरण गरी बाँकी

औषधिको विवरण अद्यावधिक गरी औषधी व्यवस्थापन चुस्त दुरुस्त राखी अत्यावश्यक तथा नि:शुल्क वितरणको औषधि अभाव नुहुनेगरी व्यवस्था मिलाउनु पर्दछ।

७४.२ **फरकशिर्षक:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम३८ (२क) मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रकम खर्च गर्ने र नियम ४५ अनुसार सघियसंचितकोषबाट स्थानिय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त अनुदान स्थानीय तहले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले शसर्त अनुदान खर्च शिर्षकबाट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकबाट मात्र खर्च लेख्नुपर्नेमा स्वास्थ्य तथा आयुर्वेद तर्फ स्थायी कर्मचारीको तलव, भत्ता र पोशाक खर्च शिर्षकबाट फिल्ड भत्ता, औषधि ढुवानीको भुक्तानी लगायतको खर्च लेखेको पाईयो। निम्नानुसार कार्यक्रममा स्वीकृत खर्च शिर्षक भन्दा फरक कार्यक्रममा खर्च लेखेको अनियमित देखिएको रु....

गोश्वारा भौचर	खर्च शिर्षक	खर्च भएको	भुक्तानी पाउने	रकम
१६९-०८१।१०।३०	स्वास्थ्य तथा आयुर्वेद तर्फ स्थायी कर्मचारिको तलव	औषधि ढुवानी	श्याम सुन्दर पोख्रेल समेत	३९०४०
४७२-०८२।३।११	स्वास्थ्य तथा आयुर्वेद तर्फ स्थायी कर्मचारिको तलव	स्वास्थ्य कर्मचारीको फिल्ड भत्ता	स्वास्थ्य कर्मचारी	३०३८९०
	जम्मा			३४२९३०

अनियमित भएको	३,४२,९३०

७४.३ **गत विगतको भुक्तानी:**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। कार्यालयले गत वर्ष बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत पोषण वितरण र दराज खरिद तथा कार्यालय संचालनको सामग्री खरिद वापत रु.२२७४७५। खर्च गरेकोमा उक्त आर्थिक वर्षमा रु.२००००। मात्र भुक्तानी गरी बाँकी रकम रु.२०७४७५। यो आर्थिक वर्षमा भुक्तानी दिएको छ। युरोपियन युनियनको अनुदान नआएको कारणले उक्त आर्थिक वर्षमा भुक्तानी दिन नसकी भुक्तानी बाँकी राखिएको कार्यालयको भनाई छ। बजेट सुनिश्चितता र निकासा पश्चात समयमै कार्यक्रम संचालन गरी आर्थिक वर्ष भित्रनै भुक्तानी फरफारक गर्नुपर्दछ।

७४.४ **स्वास्थ्य उपकरण खरिद:** विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५को नियम ८ (४) मा विशेष अनुदानको रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाउनुपर्ने, सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ मा दश लाख रुपैया सम्मको मालसामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको सोझै खरिद गर्न नमिल्ने व्यवस्था छ। सोहि नियमावलीको निमय ८६ (२) मा सोझै खरिद गर्दा अपनाउनुपर्ने विधिको समेत व्यवस्था गरेको छ। गाउँपालिकाले यो वर्ष विशेष अनुदानबाट प्राप्त बजेट रु.१२००००००।- बाट स्वास्थ्य सामग्री तथा उपकरण, औषधि तथा औषधि जन्य सामग्री खरिद गरी रु.८४४२२६१।- खर्च गरेको छ। स्वास्थ्य सम्बन्धी उपकरण तथा सामग्री र औषधि खरिद गर्दा बजेट रकमको आधारमा खरिद विधिको छनौट गरी खरिद गर्नुपर्नेमा टुक्रा टुक्रा गरी सोझै विधिबाट खरिदगरी विभिन्न सप्लायर्स तथा व्यक्तिलाई भुक्तानी दिएको छ। स्वास्थ्य सामग्री तथा उपकरणको खरिद पश्चात प्राविधिक परीक्षण, चेकजाँच गरेको छैन। एकै प्रकृतिको कार्यलाई प्याकेजिङ्ग गरेर लागत अनुमान स्वीकृत गरी खरिद विधिको छनौट गर्ने र खरिद गर्ने तथा प्राप्त सामग्री तथा उपकरणको प्राविधिक परीक्षण गरेरमात्र भुक्तानी दिने व्यवस्था कार्यान्ययन गर्नुपर्दछ । एकै प्रकृतिको खरिदलाई प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा गरी खरिद गर्ने कार्यमा नियन्त्रण गरी खरिदकार्य मितव्ययी बनाउन तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

गो.भौ.न.मिति	विवरण	भुक्तानी पाउने	रकम
११-०८१।६।२१	स्वास्थ्य उपकरण	मेडी इन्टरनेशनल	१९७७१९
१३-०८१।६।२१	माईक्रोस्कोप वाईनाकुलर	टप विजनेश ट्रेडिङ्ग	२९०४१०
१५-०८१।६।२१	औषधि सामग्री	रानिमहल मेडिको सप्लायर्स	४४७७५०
२४-०८१।६।२२	HMISSoftware	मिराकी टेक्स	४०००००
३२-०८१।७।२३	स्वास्थ्य उपकरण तथा कम्प्युटर सामग्री	ए टु जेट कम्प्युटर	५२६०९९
३६-०८१।७।१३	स्वास्थ्य उपकरण	रानिमहल मेडिको सप्लायर्स	३९८०९५
३८-०८१।७।१३	स्वास्थ्य उपकरण	स्टार सप्लायर्स	७९८६८४
४०-०८१।७।१३	स्वास्थ्य उपकरण तथा फर्निचर	एम एस टि स्टिल फर्निचर उद्योग	९९४६०७
४२-०८१।७।१३	कम्प्यूटर जन्य सामग्री	न्यू युनिक इन्टरप्राईजेज	९९८०२७
९१-०८१।९।१८	औषधि तथा औषधिजन्य दरिद	समुन्द्र मेडिको फर्मा	८५६२५६
९४-०८१।९।२९	औषधि तथा औषधिजन्य दरिद	रानिमहल मेडिको सप्लायर्स	५९९०५४
१०६-०८१।११।२६	स्वास्थ्य क्यामिकल खरिद	स्टार सप्लायर्स	१६९०५९
१५६-०८२।२।११	स्वास्थ्य कार्यकोलागि फर्निचर खरिद	ओम स्वस्तिक फर्निचर उद्योग	४७५४८९
१५८-०८२।२।१२	स्वास्थ्य सामग्री खरिद	श्याम सुन्दर पोख्रेल	१९९७७४
१८३-०८२।२।२८	स्वास्थ्य सामग्री तथा औषधि खरिद	श्याम सुन्द्र पोख्रेल समेत	१९९९६६
१९६-०८२।३।२	स्वास्थ्य संस्था कार्यालय संचालन सामग्री खरिद	श्याम सुन्दर पोखलेर	९१२७३
२०१-०८२।३।४	स्वास्थ्य उपकरण खरिद	एभरेष्ट सर्जिकल	७९९९९९
		जम्मा	८४४२२६१

७४.५ **उपकरण खरिद:** आर्थिक वर्ष २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको वुदा नं ५७ मा नगद कारोवार गर्दा हुने जोखिम कम गर्न सवै प्रकारका भुक्तानीहरु सोझै वैंक खातामा विद्युतिय प्रणालीमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाले संघीय शसर्त विषेश अनुदान स्वास्थ्य उपकरण खरिद शिर्षकबाट विभिन्न मितिमा स्वास्थ्य उपकरण तथा सामग्री खरिद गर्दा स्वास्थ्य शाखा प्रमुख श्याम सुन्दर पोख्रेलले पेश गरेको विल भरपाईको आधारमा निजलाई भुक्तानी दिने गरेको पाईयो। खरिद सामग्रीको भुक्तानी सम्बन्धित सप्लायर्सलाई दिनुपर्दछ साथै नगद भुक्तानी दिई कर्मचारीमार्फत सामग्री तथा उपकरण खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

गो.भौ.न.मिति	विवरण	भुक्तानी पाउने	रकम
१५८-०८२।२।१२	स्वास्थ्य सामग्री खरिद	श्याम सुन्दर पोख्रेल	१९९७७४
१८३-०८२।२।२८	स्वास्थ्य सामग्री तथा औषधि खरिद	श्याम सुन्द्र पोख्रेल	१९९९६६
१९६-०८२।३।२	स्वास्थ्य संस्था कार्यालय संचालन सामग्री खरिद	श्याम सुन्दर पोख्रेल	९१२७३
	जम्मा		४९१०१३

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	सङ्घीय सरकारको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १२ मा प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै उक्त कार्यविधिको दफा १४ मा समपूरक अनुदान अन्तर्गत सञ्चालन हुनेगरी छनौट भएको आयोजना वा कार्यक्रमका लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजना कार्यक्रमको नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रममा विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न नपाईने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २२(३) मा शसर्त, समपूरक वा विशेष अनुदान वापत प्रदेश वा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(३) मा सरकारी रकमको खर्च लेख्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृति गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले निम्नानुसार शीर्षकबाट प्राप्त कार्यक्रममा बोलपत्रको माध्यमबाट खरिद गरी सकेपछि बचत रकमबाट पुनः बोलपत्र, सिलबन्दी दरभाउपत्र तथा सोझै खरिद विधिबाट केही आयोजनाको ढिलो सम्झौता गरी यस आर्थिक वर्षमा रू.९१,१८,७९७ भुक्तानी दिएको पाइयो। यसरी कार्यविधि विपरित नयाँ कार्यक्रममा सङ्घीय सरकार र प्रदेश सरकारको स्वीकृति प्राप्त नगरी एकपटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकम पुनः खर्च गरेको छ। अनुदान रकम खर्च गर्दा कार्यविधिले तोकेको प्रकृयाको पालना गरिनुपर्दछ।	0.00

क्र.सं.	बेरुजुको विवरण	रकम

क्र.सं.	आयोजना/ योजना	राष्ट्रिय बोलपत्र (रु)	शिलबन्दी दरभाउपत्र (रु)	कोटेशन (रु)	बचत/थप खर्च (रु)	जम्मा (रु)	कैफियत
१	लुम्छा धरमपानी दिगाम सातमुरे सडक स्तरोन्नती योजना (बजेट रु ३ करोड)	२२,३४८,७४४.१३	१,५१५,२८४.७४ १,४७५,०१०.४६	०.००	२,९९०,२९५.२०	२८,३२९,३३४.५३	संघीय समपूरक
२	बिर्बास कोलधारी बर्जिया झर्दी सिस्ने चन्द्रकोट गा.पा. मोटरबाटो स्तरोन्नती योजना (बजेट रु २ करोड)	११,३५६,६४५.४२	१,७१२,४१६.९४ १,७५५,८०५.३१	९५१,९४१.४३	४,४२०,१६३.६८	१५,७७६,८०९.१०	संघीय समपूरक
३	गुल्मी जिल्ला छत्रकोट गा.पा.–१ गुन्टुङ हुँदै सिस्ने सडक स्तरोन्नती (बजेट रु ७० लाख)	४,७३०,१७८.८७	१,३६१,८७१.१४	०.००	१,३६१,८७१.१४	६,०९२,०५०.०१	संघीय सशर्त
४	गुल्मी जिल्ला छत्रकोट गा.पा.–३ धरमपोखरी रुक्से सडक स्तरोन्नती (बजेट रु २५ लाख)	२,०६७,०२६.०१	०.००	३४६,४६७.४०	३४६,४६७.४०	२,४१३,४९३.४१	संघीय सशर्त
जम्मा		४,०५,०२,५९४.४३	**७८,२०,३८८.५९**	**१२,९८,४०८.८३**	**९१,१८,७९७.४२**	५२,६११,६८७.०५	

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : छत्रकोट गाउँपालिका, गुल्मी , छत्रकोट गाउँपालिका , गुल्मी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	RUDRA HARI PURI	२०८०-७-१७	२०८२-०८-१४
लेखा प्रमुख	सन्तोष जि.सी	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३०८,५५८	९,५५२,६०२	६,९५५,०४३	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१६,८१६,२०३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१५,९९९,५३१
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					८१६,६७२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५३०८१४९०.०५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४०७२५६०५७.९	चालु खर्च	३१२७४४५९०.९
प्रदेश सरकारबाट अनुदान	२४१२६७१०.०४	पूँजीगत खर्च	१७९४१३५७०
राजश्व बाँडफाँट	८१३१०४७४.६९	वित्तीय/अन्य व्यवस्था	२१८७९८९३८.३३
आन्तरिक आय	१००८५३३७.४२		
अन्य आय	१७०२१८२८४		
कुल आय	६९२९९६८६४.०५	कुल खर्च	७१०९५७०९९.२३
बाँकी मौज्दात		३५१२१२५४.८७	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका िवषय
1	अनुत्पादक खर्च	अनुत्पादक खर्च
2	अनुदान	अनुदान
3	अन्य विषयहरू	अन्य विषयहरू
4	कर तथा मूल्य अभिवृद्धि कर	कर तथा मूल्य अभिवृद्धि कर
5	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम
6	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
7	खर्चको नियमितता तथा मितव्ययिता	खर्च परीक्षण
8	ठेक्का व्यवस्थापन	ठेक्का व्यवस्थापन
9	तलब भत्ता खर्च	तलब भत्ता खर्च
10	राजस्व तथा आन्तरिक आय	आन्तरिक आयतर्फ
11	शिक्षातर्फ	शिक्षातर्फ
12	सामाजिक सुरक्षातर्फ	सामाजिक सुरक्षातर्फ
13	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
14	उपभोक्ता समिति मार्फत कार्य	उपभोक्ता समिति मार्फत कार्य

मलेप फारम नं. २७० प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./आर्थिक सङ्केत	विवरण	आव २०८१।८२	आव२०८०।८१
११०००	कर	८,३१,७०,९००.३३	७,५०,५९,४०६.८८
१३०००	अनुदान	४०,००,४४,२६५.६९	३७,६३,७९,५४३.७३
१४०००	अन्य राजस्व	९८,८७,०१९.७१	७७,३०,९५८.१९
१५०००	विविध प्राप्ति	०	३७,०८०.००
क	कुल जम्मा प्राप्ति	४९,३१,०२,१८५.७३	४५,९२,०६,९८८.८०
क़	चालु	३१,२७,४४,५९०.९०	३१,०५,१२,५३१.२७
२१०००	पारिश्रमिक / सुविधा	२३,६०,७४,५२६.३६	१९,८८,२७,६४१.७५
२२०००	मालसामान तथा सेवाको उपयोग	४,६०,५१,८६८.२६	७,८६,८०,६३७.३२
२४०००	ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	०	७,००,०००.००
२५०००	सहायता (Subsidy)	१,१०,१२,१८५.२८	१,५२,९०,३५३.२०
२६०००	अनुदान	५५,०६,६६५.००	७१,३९,५१०.००
२७०००	सामाजिक सुरक्षा	१,३२,७८,८८६.००	७४,५२,३८०.००
२८०००	अन्य खर्च	८,२०,४६०.००	२४,२२,००९.००
४	पूंजीगत	१७,९४,१३,५७०.०१	१८,४५,२०,७९९.००
३१११०	भवन तथा संरचना	०	४,२६,९४,२९२.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	८१,९६,४५६.००	७५,८९,२८२.००
३११३०	अन्य पूँजीगत खर्च	२७,५६,७०९.००	२२,७४,९१६.००
३११४०	सुरक्षा उपकरण	१,२१,३७,३००.००	०
३११५०	सार्वजनिक निर्माण	१५,६३,२३,१०५.०१	१२,९४,६९,४०९.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	०	१९,९२,९००.००
३१३१०	बहुमूल्य सामानहरु	०	५,००,०००.००
५	वित्तीय	०	०
ख)	कुल जम्मा भुक्तानी	४९,२१,५८,१६०.९१	४९,५०,३३,३३०.२७
ग)	बचत /कमी (ग = क-ख)	९,४४,०२४.८२	(३,५८,२६,३४१.४७)

घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	१,७४,३५,६२५.७६	(२,२५,०२९.००)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	१,८३,७९,६५०.५८	(३,६०,५१,३७०.४७)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	१,६७,४१,६०४.२९	५,२७,९२,९७४.७६
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	३,५१,२१,२५४.८७	१,६७,४१,६०४.२९

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।